मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## आवश्यकता
**पदः** पृष्ठ संयोजक/उपसम्पादक
**संख्याः** २
**जिल्ला संवाददाताः** ११
(सप्तरी-१, सिरहा-१, धनुषा-१ (सिटी रिपोर्टर), महोत्तरी-१, सर्लाही-१, रौतहट-३ (गौर, चपुर, गरुडा-कटहरिया), बारा-२ (निजगढ-सिमरा, कलैया), पर्सा-१ (ग्रामीण)
**योग्यताः** न्यूनतम प्रमाणतह उत्तीर्ण र पत्रकारितामा क्रियाशील एवम् अभिरुची भएको, इच्छुकले फागुन १५ गतेभित्र हस्तलिखित आवेदन, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपि
madheshdristi@gmail.com मा इमेल गर्नुहोला ।

● वर्ष ३ ● अंक १०५ ● २०८१ साल फागुन ११ गते आइतबार ● Sunday 23, February 2025 ● सूर्योदयः बिहान ६:३६ बजे ● सूर्यास्तः साँझ ६:०१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# कृषि विश्वविद्यालयको प्रतिवेदन नै अपूरो, शिक्षा मन्त्रीमाथि खनियो जनमत

**वीरेन्द्र रमण**
**जनकपुर ।**

मधेश प्रदेशको सप्तरी, राजविराजस्थित कृषि विश्वविद्यालयकाको भवन शिलान्याश गर्न नपाएपछि जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीबीच शुरु भएको विवाद उत्कर्षमा पुगेको छ । सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले आफ्नै नेतृत्वको सरकारका शिक्षामन्त्री रानी शर्मा तिवारीमाथि गम्भीर आरोप लगएको छ । जनमत पार्टी सचिवालयले भने मधेश कृषि विश्वविद्यालयको सम्बन्धमा दोषी भ्रष्ट उपकुलपति र रजिष्टार हुन्, छानबिन समितिको प्रतिवेदनको सिफारिशअनुसार उनले राजीनामा नदिएर समस्या भएको हो भन्ने जिकिर गरेको छ ।

जनमतले शिक्षामन्त्री तिवारीले महन्थ ठाकुरको इशारामा उनीहरुलाई नहटाएको भन्दै आपत्ति जनाएको छ । जनमत पार्टीको सचिवालयले भनेको छ, 'मधेश प्रदेश सभाले मधेश कृषि विश्वविद्यालयसम्बन्धी छानबिन समिति बनाएर प्रतिवेदन पेश गरेको छ, जसअनुसार विश्वविद्यालयको बेथितिका लागि जिम्मेबार रहेका उपकुलपति डा. बैधनाथ महतो र रजिष्ट्रार डा. भगवान ठाकुरलाई बरखास्त गर्नुपर्ने देखिन्छ । तर लोसपाका शिक्षामन्त्रीले महन्थ ठाकुरले रजिष्ट्रार भगवान ठाकुरलाई कुनै पनि हालतमा बरखास्त गर्न नदिने अडान लिएपछि सबै कुरा अड्केर बसेको छ ।'

तर प्रदेश सभाले गठन गरेको समितिले कुनै पनि प्रतिवेदन अहिलेसम्म तयारी गरेको देखिदैँन । जनमत पार्टीनिकट नीति आयोगका उपाध्यक्ष डा.सोहन साहको अध्यक्षतामा गठन गरिएको छानबिन समितिले शिक्षामन्त्रीलाई आफ्नो प्रतिवेदन बुझाए पनि निष्कर्षमा मौन देखिएको छ । विश्वविद्यालयमा विभिन्न बेथिति देखिएको तर बेथितिको जिम्मेवार को भन्ने विषयमा समेत प्रतिवेदन मौन छ ।

२६ पृष्ठको प्रतिवेदनमा भने दुई वटा बुँदामा निष्कर्ष राखिएको छ । निष्कर्षमा भनिएको छ, 'उपकुलपतिको नियुक्तिका लागि सिफारिश पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा दुईजना सदस्य रहने समिति गठन गरी समितिको सिफारिसबमोजिम उपकुलपति नियुक्ति मधेश कृषि विश्वविद्यालय ऐन, २०७९ को दफा १९ बमोजिम हुने देखिन्छ भने रजिष्ट्रार पदमा नियुक्तिसम्बन्धी व्यवस्था सोही ऐनको दफा २० बमोजिम उपकुलपतिको सिफारिसमा सहकुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ भन्ने व्यवस्था भएकामा नियुक्ति सम्बन्धमा उपकुलपतिको सिफारिस पत्र उपकुलपतिको कार्यालयलगायतको सम्बन्धित निकायमा रहे–भएको नदेखिएकाले नियुक्ति नै त्रुटिपूर्ण भएको देखिन आयो ।'

त्यसैगरी समितिले सार्वजनिक खरिद नियमावली–२०६४ को नियम ३ को व्यवस्थाबमोजिम खरिद आवश्यकताको पहिचान र परिणाम क्षेत्र यकिन नभएको, नियम ५ को व्यवस्थाबमोजिम मालसामान खरिदसम्बन्धी कारबाही शुरु गर्नुअघि महाशाखाबाट खरिद माग प्राप्त गर्नुपर्ने र यो अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेमा सोको पालना नभएको, नियम ७ मा एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वार्षिक १० करोड रुपैयाँ भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपरेमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा यो व्यवस्थाको पालना नभएको पाइएको प्रतिवेदनमा उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) को खण्ड (क) मा दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामानको हकमा सोझो खरिदसम्बन्धी कानूनी व्यवस्था गरे पनि मधेश कृषि विश्वविद्यालयले आर्थिक वर्ष २०८०–८१ मा मसलन्द तथा कार्यालय सामग्री, फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार सामग्री पटकपटक खरिद गरेर १० लाख रुपैयाँको सीमा कटाई मसलन्द तथा कार्यालय सामग्री, मेशिनरी तथा औजार र फर्निचर तथा फिक्चर्स शीर्षकमा करिब एक करोड एक लाख चार हजार नौ सय सन्तान्बे रुपैयाँ बराबरको सामग्री पटकपटक टुक्रे खरिद गरिएको पाइएको प्रतिवेदनमा उल्लेख छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली–२०७७ को नियम ३९ को उपनियम १५ को (छ) मा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म वा कम्पनीसँग भएको सम्झौताबमोजिमको रकम मात्र भुक्तानी बाँकीको रुपमा आन्तरिक लेखा परीक्षणबाट प्रमाणित गराई भुक्तानी दिन मिल्ने देखिन्छ तर मधेश कृषि विश्वविद्यालयले चौध लाख तीन हजार आठ सय एकासी रुपैयाँ भुक्तानी गरेको पाइएको प्रतिवेदनमा उल्लेख छ । तर प्रतिवेदनमा जिम्मेवार देखिएका व्यक्तिलाई के गर्ने भन्ने विषयमा मौन देखिएको छ ।

समितिकाका एक जना सदस्यका अनुसार यस विषयमा टिओआर नै नदिएका कारण के गर्ने भन्ने अन्यौलता देखिएकाले प्रतिवेदनमा केही नलेखी तयार पारिएको हो । समितिले प्रतिवेदनमा कानूनी व्यवस्था अवलोकन गर्दा उपकुलपति नियुक्तिका लागि सिफारिश पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा दुई सदस्य रहने समिति गठन गरी समितिको सिफारिसबमोजिम उपकुलपति नियुक्ति हुने देखिन्छ भने रजिष्ट्रार पदमा नियुक्ति हुने व्यक्तिको सिफारिशमा को–को सदस्य हुने भन्ने कुरा उल्लेख नगरी उपकुलपतिको सिफारिशमा सहकुलपतिले नियुक्ति गर्ने भन्ने उल्लेख गरेको देखिन्छ । यस्तै, नियुक्ति प्रक्रिया के–कुन तवरले गर्ने प्रशासनिक र शैक्षिक योग्यता तथा अनुभवको सम्बन्धमा स्पष्ट व्यवस्था नगरी सिफारिशलाई नै आधार बनाएको देखिन्छ । कानून आउनु भन्दाअगाडि नै अध्यादेशका आधारमा नियुक्ति गरिएको प्रतिस्पर्धात्मक तरिकाबाट छनौट गर्ने प्रक्रिया बन्द गरिएको, संलग्न कागजपत्रमा एक पानाको नियुक्ति पत्रबाहेक अन्य कागज फेला परेको नदेखिएको र रजिष्ट्रार नियुक्तिमा उपकुलपतिको सिफारिस भएको देखिन नआएको प्रतिवेदनमा उल्लेख छ ।

२०८१ असोज १३ गते छानबिन समिति गठन गरिएको थियो । नीति आयोगका उपाध्यक्ष डा.सोहन साहलाई संयोजक बनाइएको थियो भने वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवकुमार घिमिरे सदस्य थिए भने शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव महेन्द्र महतो पनि सदस्य थिए । जनमत पार्टीका संसदीय दलका नेता एवम् पूर्व शिक्षामन्त्री महेश यादवले सिनेटको बैठकमै उपकुलपति र रजिष्ट्रार हटाउने विषयमा निर्णय भए पनि अहिले आएर शिक्षामन्त्री आफ्नै निर्णयबाट दबाबमा आएर हटाउन नमानेको आरोप लगाए । उनले विश्वविद्यालयको बेथितिका कारक उपकुलपति र राजिष्ट्रार रहेको भन्दै उनीहरुलाई नहटाएसम्म समस्या समाधान नहुने बताए ।

जनता समाजवादी पार्टी नेपालका प्रवक्ता एवम् प्रदेश सभा सदस्य मनिषकुमार सुमनले भवनको शिलान्यास गर्न नपाएको झोकमा विश्वविद्यालय नै समाप्त पार्ने खेलहरु भइरहेको भन्दै यो सनकबाहेक केही पनि नरहेको बताए । उनले भने, 'जनमत पार्टी सनक र झोकमा चल्ने पार्टी भएकाले उसले आफनो स्वार्थ पुरा नभएका विषयमा गलत किसिमबाट मधेशको शिक्षा क्षेत्रलाई धरासायी बनाउने कार्य गरिरहेको छ ।'



**महेश यादव**
**संसदीय दलका नेता**
**जनमत पार्टी**

उपकुलपति र रजिष्ट्रार हटाउने विषयमा सिनेट बैठकमै निर्णय भए पनि अहिले शिक्षामन्त्री आफ्नै निर्णयबाट दबाबमा आएर हटाउन नमानेपछि समस्या बढेको हो । विश्वविद्यालयमा बेथितिका कारक उपकुलपति र राजिष्ट्रार रहेकाले उनीहरुलाई नहटाएसम्म समस्या समाधान नहुने देखिन्छ ।



**मनिषकुमार सुमन**
**प्रवक्ता**
**जनता समाजवादी पार्टी नेपाल**

मधेश कृषि विश्वविद्यालय भवन शिलान्यास गर्न नपाएको झोकमा विश्वविद्यालय समाप्त पार्ने खेल भइरहेको छ । यो सनकबाहेक केही पनि होइन । जनमत सनक र झोकमा चल्ने पार्टीका रुपमा परिचित हुँदै स्वार्थ पूरा नहुँदा गलत हिसाबले मधेशको शिक्षा धरासायी बनाउन लागिरहेको छ ।



**रत्नेश्वर गोइत**
**सभापति**
**प्रदेश सभा मामिला समिति**

छानबिन समितिमा रहेका सदस्यहरु निजी काममा व्यस्त रहेकाले समितिको बैठक बस्न नसकेको हो । सदस्यहरुको केही व्यवहारिक समस्या रहेकाले प्रतिवेदनमा ढिलाइ भएको देखिएको हो । प्रतिवेदन अन्तिम चरणमा छ, यसै महिनाभित्र तयार गरेर छानबिन समितिको प्रतिवेदन सभामुखलाई दिनेछौँ ।

## संसदीय समितिको प्रतिवेदन आउने



मधेश कृषि विश्वविद्यालय भवन शिलान्यासको विषय र प्रदेश सभामा भएको तोडफोडका विषयमा छानबिन गरिरहेको प्रदेश सभा मामिला समितिले यसै महिना प्रतिवेदन सभामुखलाई बुझाउने तयारी गरेको छ । समितिका सभापति रत्नेश्वर गोइतले समितिमा रहेका सदस्यहरु कतिपय आफ्नो निजी काममा व्यस्त रहेकाले समितिको बैठक बस्न नसकेको बताए । उनले भने, 'अहिले सदस्यहरुको केही व्यवहारिक समस्या रहेकाले यस्तो देखिएको हो, अन्तिम चरणमा छ, हामी यसै महिनाभित्र तयार गरेर सभामुखलाई दिनेछौँ ।'

विश्वविद्यालयका भवन शिलान्याशको प्रमुख अतिथि उपेन्द्र यादवलाई बनाएपछि यसको विरोधमा जनमत पार्टीले तालाबन्दी गर्दै विरोध जनाएको थियो । विरोध प्रदर्शनक्रममा तत्कालीन शिक्षा मन्त्री महेश यादवसहित जनमतका प्रदेश सभा सदस्यहरु घाइते भएका थिए । जनमत पार्टीले संसदीय छानबिन माग गर्दै मधेश प्रदेश सभामा तोडफोड गरेको थियो ।





# एमालेको वडा केन्द्रित पार्टी निर्माण अभियान




**मधेशदृष्टि**
**जनकपुर ।**
नेकपा एमाले धनुषाको आयोजनामा जनकपुरधाममा वडा केन्द्रित पार्टी निर्माण अभियान अन्तर्गत विशेष कार्यक्रम भएको छ । कार्यक्रम जिल्ला अध्यक्ष राजकिशोरको अध्यक्षतामा भएको हो ।
कार्यक्रममा पार्टी केन्द्रीय सचिव रघुवीर महासेठले वर्तमान सरकार नेकपा एमाले र कांग्रेसको गठबन्धन रहेको बताउँदै देशको समृद्धि र विकासका लागि एकताबद्ध भएर काम गर्नुपर्नेमा जोड दिए ।
संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले कार्यक्रममा उपस्थित कार्यकर्तालाई १० बुँदे निर्देशन दिए । उनले पार्टी सुदृढीकरणका लागि अनुशासन, सक्रियता र जनतामाझ निरन्तर सम्पर्क आवश्यक रहेको उल्लेख गरे । मधेश प्रदेश इन्चार्ज लिलानाथ श्रेष्ठले 'मिसन चौरासी' सफल पार्न सबै कार्यकर्ताले आफ्नो स्तरबाट सक्रिय भूमिका खेल्नुपर्ने बताउँदै पार्टी संगठनलाई बलियो बनाउन एकताबद्ध प्रयासको खाँचो औंल्याए । कार्यक्रममा धनुषा जिल्ला इन्चार्ज जुलीकुमारी महतोले चैत महिनाभित्र जिल्ला अधिवेशन सम्पन्न गर्नुपर्ने निर्देशन दिँदै सबै कमिटीलाई तयारीमा जुट्न आह्वान गरिन् ।

# सशस्त्रले दुःख दिएपछि व्यापारीको विरोध



**मधेशदृष्टि**
**धनुषा ।**
भन्सार काटिएर आएको सामानसमेत प्रहरीले नियन्त्रणमा लिएर पैसा मागेको व्यापारीले विरोध प्रदर्शन गरेका छन् । भारतबाट भन्सार काटेर ल्याइएको सामान जिरोमाइल एरियामा सशस्त्र प्रहरीले रोकेर चेकजाँच गर्ने नाममा तीन घण्टासम्म रोकेर अनावश्यक दुःख दिएको भन्दै व्यापारीले विरोध जनाएका हुन् ।
जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले भन्सार तिरेर आएको सामानसमेत रोकेर प्रहरीले दुःख दिने र पैसा माग गर्ने गरेको भन्दै यसको विरोध गरिएको बताए ।
सामान अलाउदिनको रहेको भण्डारीले जानकारी दिए । उनले प्रहरीले अनावश्यक दुःख दिने र तस्करी गराउने देखिएको आरोप लगाए ।

# महिला कृषकलाई तरकारी खेती तालिम




**मधेशदृष्टि**
**रौतहट ।**
गरूडामा 'बेमौसमी तरकारी खेती' सम्बन्धी एकदिने तालिम भएको छ ।
डिप्रोक्स लघुवित्त वित्तीय संस्था गरूडामा आबद्ध सदस्यलाई तालिम सञ्चालन गरिएको हो । सदस्यहरुको क्षमता विकास तथा व्यवसाय प्रबद्र्धनसम्बन्धी आम्दानीमा बृद्धि गर्ने अभिप्रायले तालिम दिइएको डिप्रोक्स लघुवित्त गरूडाका शाखा प्रबन्धक दिनेश्वर साहले बताए । महिलालाई आत्मनिर्भर बनाउन र तालिम सिकेपछि जीविकोपार्जन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले बेमौसमी तरकारी खेती तालिम दिइएको आयोजकले बताएको छ । लघुवित्तमा आबद्ध ४५ सदस्यलाई लक्ष्यित गरि सञ्चालन गरिएको तालिममा कृषि ज्ञान केन्द्र रौतहटका निमित्त प्रमुख सुरेन्द्र प्रसाद कुर्मीले सहजीकरण गरेका थिए ।
तालिममा गरूडा, वडा नम्बर ३ का वडा अध्यक्ष अम्बिका सहनी, संस्थाका मधेश प्रदेश कार्यालय प्रमुख जमिरी राय यादवलगायतको सहभागिता थियो ।

# बकैया–कला साहित्य महोत्सवमा विभिन्न स्रष्टा सम्मानित हुने

**मधेशदृष्टि**
**मकवानपुर ।**
मकवानपुरको अग्रणी साहित्यिक संस्था झरना साहित्यिक परिवार मकवानपुरको आयोजनामा बकैया–कला साहित्य महोत्सव–२०८१ हुने भएको छ ।
झरना साहित्यिक परिवार मकवानपुरको ३ सय १३ औँ साहित्य शृंखला एवम् ३२ औँ वार्षिक उत्सवका अवसरमा बकैया–कला साहित्य महोत्सव–२०८१ हुन लागेको शनिबार भएको पत्रकार सम्मेलनमा सचिव मसान उपासकले बताए ।
फागुन १६–१७ गते बकैया–५ कर्मप्राप्ति माविमा हुने महोत्सवमा पुरस्कार समर्पण, चित्रकला प्रदर्शनी, पत्रिका विमोचन, विभिन्न जातजातिका नृत्य, बकैयाको काव्य महक, समकालीन गजल मुक्तक उत्सव, पालिका अध्यक्षलाई १० प्रश्न, समकालीन काव्य उत्सव, सम्मानित स्रष्टाको रचना वाचन र नवसर्जक रचना वाचन हुने आयोजकले जानकारी दिएको छ । कर्मप्राप्ति मावि बकैया–५ मकवानपुरको सहकार्यमा हुने महोत्सवको प्रायोजक बकैया गाउँपालिका हो ।
साहित्यसेवी नुरप्रसाद गौतमले मातापिताको सम्मानमा स्थापना गरेको २१ हजार १ सय २१ राशिसहितको होमनाथ–टीकामाया प्रतिभा सम्मान भैरहवाका स्रष्टा प्राडा कपिल लामिछानेलाई प्रदान गरिने भएको छ । त्यस्तै, साहित्यसेवी रमेशमोहन अधिकारीले मातापिताका नाममा स्थापित नगद १५ हजार ५ सय ५५ राशिसहितको शिव–सावित्री अधिकारी स्मृति मुक्तक सम्मान–२०८१ इलामका शिव अधिकारीलाई प्रदान गरिने भएको छ । पुरस्कार चैतको चौँथो शनिबार हेटौँडामा आयोजना हुने मुक्तक साँझमा प्रदान गरिने छ ।
त्यस्तै, साहित्यसेवी विनोद सुवेदीले मातापिताका नाममा स्थापित पुरस्कार १५ हजार ५ सय ५५ राशिसहितको बाबुलाल–भोजमाया स्मृति साहित्य सम्मान–२०८१ मकवानपुरका मुक्तककार देवराज खरेललाई प्रदान गरिने भएको छ । साहित्यसेवीहरू अर्पण पराजुली र दर्पण पराजुलीले मातापिताको सम्मानमा स्थापित नगद ८ हजार ५ सय राशिसहितको खडानन्द–मनमाया प्रतिभा सम्मान–२०८१ मकवानपुरका बिर्खे अञ्जानलाई प्रदान गरिने भएको छ ।
साहित्यसेवी राजन दङ्गालले दिवङ्गत छोरीको स्मृतिमा स्थापना गरेको नगद ७ हजार ७ सय ७७ राशिसहितको सुशीला दङ्गाल स्मृति सिर्जनशील नारी सम्मान–२०८१ गजलकार बबी थापालाई प्रदान गरिने छ । साहित्यसेवी तुलसी गिरीद्वारा स्थापित नगद ७ हजार ७ सय ७७ सहितको सञ्जीवनी बुटि साहित्य सम्मान–२०८१ बाराका नियात्राकार अप्सरा पुडासैनीलाई प्रदान गरिने भएको छ ।
मकवानपुरमा रही संस्थाको प्रचारप्रसार गर्न पत्रकारिताका माध्यमबाट सहयोग गरेवापत स्वर्गीय गोकर्ण गौतमको परिवारद्वारा स्थापना गरिएको नगद ११ हजार १ सय ११ सहितको गोकर्ण गौतम स्मृति पत्रकारिता सम्मान–२०८१ मकवानपुरका पत्रकार ज्योति न्यौपानेलाई प्रदान गरिने भएको छ ।
बकैयाका नवप्रतिभाको सम्मान गर्ने हेतुले बकैयाका चन्द्रकुमार राईले स्थापना गरेका ५ हजार ५ सय ५५ रुपैयाँ राशीको झरना–बकैया नवप्रतिभा पुरस्कार–२०८१ पुरस्कार सन्तोष विकलाई प्रदान गरिने भएको छ ।
बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले पिताका नाममा स्थापित नगद ७ हजार ७ सय ७७ सहित खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मान–२०८१ गरेको पुरस्कार मूर्तिकार ओमभक्त भण्डारीलाई प्रदान गरिने भएको छ ।
जर्नादन खनालले मातापिताका नाममा स्थापना गरेको नगद ७ हजार ७ सय ७७ राशिसहित ऋषेश्वर–रुक्मिणी–लक्ष्मीदेवी खनाल साहित्य सम्मान–२०८१ ललितपुरका रत्न विरही घिमिरेलाई प्रदान गरिने भएको छ ।
बकैया गाउँपालिकाभरिका विद्यालयमध्ये उत्कृष्ट शिक्षक सम्मान बुद्ध माविका हरि घिमिरेलाई प्रदान गरिने भएको छ । पत्रकार सम्मेलनमा अध्यक्ष विश्वनाथ सन्जेल, उपाध्यक्ष चिरञ्जीवी लामिछाने र सचिव मसान उपासकको उपस्थिति थियो ।



# प्रशासनद्वारा गाई फार्म निरीक्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
समस्याग्रस्त कलश गाई फार्मको शनिबार बिहान पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, पर्सा प्रहरी प्रमुख गौतम मिश्रलगायतको जिल्लाका उच्च अधिकारीको टोलीले निरीक्षण गरेको छ । ठोरीका अध्यक्ष लालबहादुर श्रेष्ठ र उपाध्यक्ष गोकुली रेग्मीको पनि सहभागिता थियो । टोलीले फार्मको अवस्थाको स्थलगत अवस्थाबारे जानकारी लिएको हो । यस्तै, पर्साका पशु व्यवसायी र पशु चिकित्सकको टोलीले फार्ममा रहेका बिरामी र कमजोर अवस्थाका गाईको उपचार गरेको छ । दाना र औषधीसहित पशु चिकित्सक डा. दिनेश कुमार तिवारीको नेतृत्वमा गएको टोलीले फार्ममा रहेका बिरामी गाईको उपचार गरेको ठोरी–५ का वडाध्यक्ष अष्ट बहादुर लोप्चनले जानकारी दिए । जिल्लाका विभिन्न पशु प्राविधिक र पशु व्यवसायी एवम् जीराभवानी–१ का वडाध्यक्ष रामशरण खवासको पनि उपस्थिति थियो । पछिल्लो समय फार्ममा रहेको गाईको जीवन रक्षाका निमित्त सर्वत्र चासो बढेको छ । यसैबीच खेतान परिवारले गाईपालनस्थल पुगेर आहार वितरण गरेको छ ।

# विद्यालय खाजामा लगानी बढाउन माग

**काठमाडौँ ।**
बालबालिकाको सिकाइका निम्ति विद्यालयमा पोषणयुक्त खाजामा लगानी बढाउन सरोकार भएकाहरूले माग गरेका छन् । 'स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप, २०८१ कार्यान्वयनको सन्दर्भमा राष्ट्रिय परामर्श' कार्यक्रममा सरोकार भएकाले यस्तो माग गरेका हुन् ।
विद्यालय उमेरका बालबालिकाका लागि पोषण अति आवश्यक भएको र यसले बालबालिकाको विद्यालयमा पहुँच विस्तार र सिकाइस्तर वृद्धिको आधार निर्माण गर्ने भन्दै यसमा जोड दिनुपर्ने उनीहरूको भनाइ थियो । 'पोषणयुक्त खाजाले स्वस्थ शरीर र भोकरहित वातावरण निर्माण गर्छ, जसले शिक्षण सिकाइ र विद्यालयमा पहुँच विस्तारसमेत निकै टेवा पुग्छ । साथै स्वास्थ्य मानव पुँजी तयार गरी राष्ट्रको अर्थतन्त्रमा सहयोग पुग्ने हुँदा विद्यालयमा पोषणयुक्त खाजाका लागि लगानी बढाउन आवश्यक छ,' वक्ताहरूले भने ।
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. दीपक काफ्लेले प्राप्त सुझावलाई सम्पत्तिका रूपमा ग्रहण गर्दै गुणस्तरीय शिक्षा, प्रवद्र्धन गर्न सरकार प्रतिबद्ध रहेको भन्दै शिक्षालाई गुणस्तरीय बनाउन र बालबालिकाको दिवा खाजा प्रवद्र्धन गर्न सबै सरोकारवालाको भूमिका रहेको बताए । उनले बालबालिकामा लगानी बढाउन अन्तर मन्त्रालय, सरोकार भएका निकाय र अभिभावकलगायत सङ्घसंस्था सबैको दायित्व रहेको बताए ।
मन्त्रालयका सचिव हरिप्रसाद अर्यालले तोकिएको मापदण्डअनुसार पोषणयुक्त खाजाको व्यवस्थापनका लागि सहज गर्ने उद्देश्यले असोज ८ गतेको मन्त्रिस्तरीय निर्णयबमोजिम मन्त्रालयले स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप, २०८१ स्वीकृति भएको बताए । गाउँपालिका महासङ्घका सदस्य भुपाल पोखरेल र जिल्ला समन्वय समिति महासङ्घका उपमहासचिव दीपक गौतम, नगरपालिका सङ्घकी प्रतिनिधि सुनिता सुबेदी, राष्ट्रिय बाल अधिकार परिषद्की सदस्य–सचिव इन्द्रादेवी ढकाललगायतले दिवा खाजा प्रवद्र्धन गर्ने कार्यमा योगदान गर्ने प्रतिबद्धता व्यक्त गरे । अधिकारकर्मी तथा जागृति बाल तथा युवा सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलले दिवा खाजा कार्यक्रमलाई बाल संवेदनशील सामाजिक सुरक्षा, बालमैत्री, विभेदमुक्त वातावरणका साथै पोषण सुधार र दिवा खाजा कार्यक्रमका विषयलाई राजनीतिक पार्टी र सबै सरोकारवालाको साझा छलफलको विषय बन्नुपर्ने बताए ।
शिक्षा तथा मानव स्रोत विकास केन्द्रका हरिप्रसाद अर्यालले कार्यक्रममा दिवा खाजाको पृष्ठभूमिका बारेमा प्रस्तुतीकरण गर्दै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, विद्यालय शिक्षा क्षेत्र योजना, स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूपलगायत नीतिगत व्यवस्थाअनुरूप सञ्चालन भइरहेको बताए । विद्यालय खाजाका लागि आठ अर्ब ४६ करोड रुपैयाँ विनियोजन भएको र ३२ लाख विद्यार्थीले खाजा खाइरहेको जानकारी दिँदै उनले यसलाई थप व्यवस्थित बनाउन लगानी बढाउनुपर्नेमा जोड दिए । कार्यक्रममा वल्र्ड भिजन इन्टरनेसनलकी उमा मगरले वल्र्ड भिजन इन्टरनेसनलले बालमैत्री, पोषणमैत्री, बाल संरक्षण प्रवद्र्धनलगायत अभियान सञ्चालन गरिरहेको जानकारी दिइन् । कार्यक्रममा बाल क्लबका प्रतिनिधिहरूले दिवा खाजा कार्यक्रमको अनुगमन गर्नुपर्ने, बालबालिका केन्द्रित विषयमा उनीहरूसँग नै सोधेर अध्ययन गर्नुपर्ने बताएका थिए । यस्तै, विद्यालयका प्रधानाध्यापकहरूले दिवा खाजाको रकम निकासा मासिक रूपमा गरिनुपर्ने, असल अभ्यास अनुभवको आदानप्रदान गर्नुपर्ने, विद्यार्थीलाई प्रदान गरिने खाजाको रकम बढाइनुपर्ने, यसमा स्थानीय सरकारले आफ्नो स्रोत परिचालन गर्न सक्नुपर्नेलगायत विषयमा ध्यानाकर्षण गराएका थिए ।

# उद्यमीका लागि अवसर सिर्जना गरिनु पर्ने

**बाँके ।**
मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण र वैकल्पिक जीविकोपार्जनसँगै पर्यटन प्रवद्र्धन गर्न स्थानीय पर्यटन उद्यमीका लागि अवसर सिर्जना गर्नुपर्नेमा जोड दिइएको छ । बाँके राष्ट्रिय निकुञ्जले गरेको कार्यशालामा सहभागीद्वारा स्थानीय पर्यटन उद्यमीका लागि अवसर सिर्जनासँगै आर्थिक अवस्था सुदृढ बनाउन सबैको सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिइएको हो । गोष्ठीमा स्थानीय, प्रदेश र सङ्घीय जनप्रतिनिधिका साथै विभिन्न उद्योग सञ्चालन गरिरहेका युवा व्यवसायी, सम्बद्ध सरोकार भएका निकायको सहभागिता थियो ।
लुम्बिनी पर्यटन विकास परिषद्का कार्यकारी निर्देशक रामु जोशीले बाँकेको पर्यटन प्रवद्र्धनका लागि यस क्षेत्रका धार्मिकस्थल र पर्यटकीय क्षेत्रको भ्रमण गर्ने सहज वातावरण बनाउनुपर्नेमा जोड दिए । उनले भने, 'यहाँ पर्यटनका माध्यमबाट विकास गर्न सकिने धेरै सम्भावना छन् । पर्यटकीय गतिविधि सञ्चालन गरी स्थानीय पर्यटन उद्यमीका लागि अवसर सिर्जना गर्ने उद्देश्यले प्रदेश परिषद् 'टुर प्याकेज' का कार्यक्रम बनाउने योजनामा छ ।'
आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढाउने उद्देश्यले परिषद्ले बनाउने योजनामा अन्तरप्रदेश समन्वय र सहकार्यलाई जोड दिइने कार्यकारी निर्देशक जोशीले उल्लेख गरे । उनले पर्यटन व्यवसायका क्षेत्रमा कलम चलाउने सञ्चारकर्मी र सञ्चारमाध्यमलाई राज्यले विशेष संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याए । प्रतिनिधिसभाका सांसद सूर्य ढकालले बाँके पर्यटकीय रूपमा प्रशस्त सम्भावना बोकेको जिल्ला रहेको बताउँदै तीनै तहका सरकारले आपसी समन्वय गरी विशेष योजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । सङ्घीय सरकारद्वारा गरिने भूमिकामा आवश्यक सहजीकरण गर्ने उनले प्रतिबद्धता जनाए ।
नेपाल पर्यटन र संस्कृतिले सम्पन्न भएको मुलुक भएकाले यहाँ भएका धार्मिकस्थल, विभिन्न जातजातिका रीतिरिवाज, परम्परा, संस्कृति, खानपिनलगायको प्रवद्र्धन गरी स्थानीयलाई जीविकोपार्जनका नयाँ अवसर सिर्जना गर्न सरकार प्रतिबद्ध रहेको उनले बताए । बाँके राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत वीरेन्द्र कँडेलले निकुञ्ज स्थापनाको उद्देश्यसँगै निकुञ्जले प्राप्त गरेका उपलब्धिका विषयमा जानकारी गराए । बाघ संरक्षणको उद्देश्य राखी २०६७ मा स्थापना भएको बाँके राष्ट्रिय निकुञ्जमा हाल बाघको संख्या २३ छ । बाघको संख्या बढेसँगै संरक्षणमा चुनौती थपिएको बताउँदै कँडेलले बाघ संरक्षणका लागि आहारा प्रजातिका जनावरको संख्या वृद्धि गर्नुपर्ने भन्दै घाँसेमैदानको क्षेत्रलाई बढाउँदै लगिएको जानकारी दिए । निकुञ्जको ओभरी नजिकै क्षेत्रमा हात्ती सफारी, जङ्गल सफारी (ड्राइभ) र पैदल यात्राका लागि विभिन्न 'प्याकेज' निर्माण गरिएको छ । गिद्देनीचौरमा मचान निर्माण गरी जङ्गल क्षेत्रको दृश्यावलोकन, पैदलयात्रा, जङ्गल ड्राइभको व्यवस्था गरिएको छ ।वातावरण तथा ग्रामिण विकास केन्द्र (इनरुडेक) र जुलोजिकल सोसाइटी अफ लन्डन (जेडएसएल) को संयुक्त साझेदारीमा सम्पन्न भएको कार्यशालामा लुम्बिनी प्रदेशसभाका सांसद नमूना केसीले बाँके निकुञ्जसँगै जोडिएको गाभर क्षेत्रलाई पनि पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिइन् ।गाभरमा मात्रै वार्षिक २५ हजार आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका बताउँदै उनले त्यस क्षेत्रमा आउने पर्यटकलाई निकुञ्जसम्म लैजाने गरी तयारी र योजना बनाउन आवश्यक रहेको बताइन् । 'गाभरमा थारू, मुगाली र हुम्ली संस्कृतिको सम्मिश्रण पाइन्छ । वरिपरि निकुञ्ज क्षेत्र भएकाले पदयात्रा र वन्यजन्तु अवलोकनका लागि यो क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक गन्तव्य बन्दै गएको छ,' उनले भनिन्, 'बाँकेका प्रत्येक होटेलमा छिर्दा पाहुनाले निकुञ्जका तस्बिर देख्न पाउनुपर्छ । यो पनि पर्यटन प्रवद्र्धनमा सहयोग पुग्ने माध्यम हो ।'
कार्यशालामा महेन्द्र बहुमुखी क्याम्पसका प्राध्यापक हरि सुवेदीले पछिल्लो समय बाँके पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गए पनि पर्यटन उद्यमीका लागि व्यावसायिक योजना बन्न नसकेको बताए । उनले यस क्षेत्रको पर्यटन प्रवद्र्धनका लागि सरोकार भएका निकायबीच सहकार्य र समन्वय हुन आवश्यक रहेको बताउँदै यहाँको चुरे क्षेत्रलाई पनि विशेष संरक्षण गर्नुपर्नेमा जोड दिए । जिल्लाका पर्यटन उद्यमी लागि अवसर सिर्जना गर्दै मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले आयोजित गोष्ठीले छबुँदे 'कोहलपुर घोषणापत्र' सार्वजनिक गरेको छ । रासस

# श्री जगन्नाथ रथयात्रा निकालियो

**मधेशदृष्टि**
**वीरगंज ।**
इन्टरनेशनल सोसाइटी फर कृष्णा कान्शियसनेस (ईस्कोन) वीरगंजको आयोजनामा शनिवार दोस्रो पटक श्री जगन्नाथ रथयात्रा निकालिएको छ ।
वीरगंजको घण्टाघरबाट शुरु भएको रथयात्रा मुख्य सडकबाट माईस्थान, आदर्शनगर, महाविरस्थान, अलखिया मठबाट कैलाश होटल मार्ग हुँदै आदर्शनगरको पूरानो बसपार्कमा पुगेर समापन भएको थियो । वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंहले वीरगंजमा ईस्कोनको लागि ठूलो मन्दिरको आवश्यक्ता रहेको उल्लेख गरे । कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरुले रथयात्राले अध्यात्मिक ज्ञान र मनमा शान्ती हुने धारणा राखेका थिए ।

# राजनीतिक एवम् सामाजिक परिवर्तनमा पत्रकारको ठूलो योगदान छः यादव



**मधेशदृष्टि**
**महोत्तरी ।**
नेकपा माओवादी केन्द्रका उपमहासचिव तथा मधेश प्रदेशका इञ्चार्ज मातृका यादवले नेपालमा भएका राजनीतिक एवम् सामाजिक परिवर्तनमा नेपाली पत्रकारिताको अझ ठूलो योगदान रहेको बताएका छन् । प्रेस सेन्टर नेपाल मधेश प्रदेशको पाँचौँ अधिवेशनको शनिबार महोत्तरीको बर्दिबासमा उद्घाटन गर्दै उनले अहिले पत्रकारितामा श्रम सृजना गर्ने र पीत पत्रकारिता बढी भईरहेको प्रति गुनासो गरे । उलने राजनीतिक दलहरुमात्रै होईन प्रेस सेन्टर नेपाल लगायतका सञ्चार क्षेत्रलाई पनि जनताले हेरिरहेको बताए । जनतामा छरिएका भ्रमहरु हटाउनका लागि पत्रकारहरुले नै महत्पूर्ण भूमिका खेल्नुपर्ने बताउँदै उनले देशमा भईरहेको नौटंकीलाई जनतासामु नङ्ग्याउनु पर्ने बताए । अधिवेशन बोलाउनु भन्दा अध्यादेश ल्याउने काम गरेको भन्दै उनले अहिलेको सरकारको नेतृत्व गरिरहेका प्रधामन्त्री केपी ओली रक्षात्मक देखिएको टिप्पणी गरे । विशेष अवस्थामा अध्यादेश ल्याउने संविधानमा ल्याउने व्यावस्था भएपनि अध्यादेशले देश चलाउन खोजेका आरोप लगाए ।

# वीरगंज नाकाबाट 'अनएसेम्बल्ड' मोटरसाइकलको आयात बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज नाकाबाट अनएसेम्बल्ड (तयार नगरिएको) मोटरसाइकलको आयात ह्वात्तै बढेको छ । गत आवको पहिलो सात महिनाको तुलनामा चालु आवको सात महिनामा यस्तो मोटरसाइकलको आयात करीब तीन गुनाले बढेको हो । आयातकर्ताले मोटरसाइकलको पार्टपुर्जा छुट्टाछुट्टै आयात गरेर नेपालमै मोटरसाइकल तयार पारी बिक्री गर्ने क्रम बढेको छ । यसले विगतका वर्ष जस्तो तयारी मोटरसाइकलको आयात भने घट्दो छ । वीरगंज भन्सार कार्यालयको तथ्यांकअनुसार, चालु आवको साउनदेखि माघसम्मको ७ महिनामा यो नाका हुँदै २ अर्ब ५ करोड रुपैयाँ बराबरको १९ हजार ९ सय ४५ थान अनएसेम्बल्ड मोटरसाइकल आयात भएका छन् । जसबाट १ अर्ब ८६ करोड रुपैयाँ राजस्व संकलन भएको छ ।
गत आवको यसै अवधिमा यो नाका हुँदै ७६ करोड रुपैयाँ बराबरको ७ हजार ६ सय ३८ थान अनएसेम्बल्ड मोटरसाइकल आयात भएको थियो । जसबाट ६७ करोड राजस्व संकलन भएको थियो ।

# जनकपुरमा चिकित्सक सम्मेलन शुरु

**मधेशदृष्टि**
**धनुषा ।**
स्वास्थ्य क्षेत्रमा देखिएका समस्याको समाधान गर्ने उद्देश्यले आयोजित चिकित्सकको राष्ट्रिय सम्मेलन जनकपुरधाममा शुरु भएको छ । विशेषज्ञ चिकित्सकहरुको छाता सङ्गठन सिमोनद्वारा आयोजित सो सम्मेलनको वरिष्ठ चिकित्सक डा अशोकानन्द मिश्रले उद्घाटन गरे सिमोनको आयोजना र मधेश प्रदेश च्याप्टरको स्थानीय सहयोगमा शनिबारदेखि दुई दिने सम्मेलन शुरु भएको हो ।
यो सम्मेलनले चिकित्सकहरुको ज्ञान र क्षमता अभिवृद्धि गर्ने रहेको बताइएको छ ।
सम्मेलनमा देशभरका विशेषज्ञ फिजिसियन चिकित्सक सहभागी रहेको सम्मेलनमा ५० कार्यपत्र र १५ वटा शोधपत्र प्रस्तुत हुनेछन् । पहिलो पटक जनकपुरधाममा आयोजना भएको सम्मेलनमा भाग लिनका लागि करिब चार सयभन्दा बढी चिकित्सकको उपस्थिति रहेको छ । सम्मेलनमा नेपाल भरिका चिकित्सकले तयार गरेको शोधपत्र र नयाँ अनुसन्धानको प्रस्तुतीकरण हुने तथा यसले चिकित्सकको ज्ञानमा अभिवृद्धि हुने विश्वास व्यक्त गरिएको छ ।
सिमोनको छैटौँ राष्ट्रिय सम्मेलनले चिकित्सकको बीचमा विचार विनिमयको अवसर सिर्जना गर्ने र चिकित्सकीय अनुसन्धानमा नयाँ सोच ल्याउने जनाइएको छ । सिमोनका मधेश प्रदेश च्याप्टरका सचिव रमण मिश्रले स्वास्थ्य उपचारका क्षेत्रमा चिकित्सकको आपसी सहयोग र समन्वय हुने उदेश्यका साथ यो कार्यक्रम गरिएको बताए ।
यसअघि नेपालका विभिन्न भागमा यस संस्थाले स्वास्थ्य क्षेत्रमा देखिएका समस्या निराकरण गर्न विभिन्न कार्यक्रम गर्दै आएको सिमोनका मधेश प्रदेश च्याप्टरका अध्यक्ष चिकित्सक कूलदीप पण्डितले जानकारी दिए ।

# वक्तृत्वकलामा प्रतिभा भइन प्रथम

**मधेशदृष्टि**
**वीरगंज ।**
स्टडी इन्टरनेशनलको आयोजनामा 'आवाज– द भ्वाइस अफ टुमोरो' नामक सामाजिक सञ्जालको फाइदा र बेफाइदा विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।
विद्यार्थीहरूको विचार र बौद्धिक क्षमता परीक्षण गर्नको लागि आयोजित प्रतियोगितामा सनलाइट स्कुलमा अध्ययनरत प्रतिभा काफ्ले प्रथम भइन् । सहभागी विद्यार्थीहरूमध्ये उत्कृष्ट प्रदर्शन गरेकी उनलाई १० हजार रुपैयाँ नगद, ट्रफी र मेडलबाट सम्मानित गरिएको थियो । यसैगरी वीरगंज इन्स्टिच्युट अफ टेक्नोलोजी (बीआइटी) मा अध्ययनरत मिश्ल मोहम्मद द्वितीय स्थान स्थान हासिल गरे । उनलाई पाँच हजार रुपैयाँ नगद, ट्रफी र मेडलबाट पुरस्कृत गरिएको थियो । तेस्रो स्थान प्राप्त गरेका ग्लोबल बिजनेस कलेजका सौरभ पटेललाई तीन हजार रुपैयाँ नगद, ट्रफी र मेडलबाट सम्मानित गरिएको थियो ।

# केपी ओली कपको कलैयामा प्रचार प्रसार




**मधेशदृष्टि**
**कलैया ।**
जिल्लामा केपी ओली कप फुटबल प्रतियोगिताको प्रचार प्रसार तीव्र पारिएको छ । फागुन ११ देखि १९ सम्म काठमाडौंमा हुने तेश्रो केपी ओली कपको प्रचार प्रसार कलैयामा गरिएको छ । नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपाल मधेश प्रदेश कमिटीको साइबर सर्कल बिभागले कलैयामा कपको प्रचार प्रसारलाई तीव्रता दिएको हो । साईबर सर्कलका संयोजक शशी दास (ब्रेटली) को अध्यक्षतामा कलैयास्थित भरत चौकमा आयोजित एक कार्यक्रमकाबीच प्रतियोगिता बारे जानकारी दिइएको हो ।
प्रतियोगितामा देशका विभिन्न फुटबल टोलीहरुको सहभागिता रहेको छ । प्रचार–प्रसार कार्यक्रमामा युवासंघका नेता तथा नेकपा एमाले बाराका नेता तथा कार्यकर्ताहरु सहभागी थिए ।

# गर्भाशय ग्रिवा क्यान्सर सम्बन्धी जनचेतना

**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लब वीरगंज क्युरेटिभको आयोजनामा गर्भाशय ग्रिवा क्यान्सर सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न भएको छ ।
वीरगंजस्थित हरि खेतान बहुमुखमी क्याम्पसमा शनिबार आयोजित कार्यक्रममा प्रसूति तथा महिला रोग विशेषज्ञ डा. कीर्ति अग्रवालले २ सय छात्राहरूलाई पाठेघर ग्रिवा क्यान्सरबारे विस्तृत प्रस्तुति दिएकी थिइन् । उनले क्यान्सरबारे समयमै सचेतना आवश्यक रहेको बताउँदै रोकथामका उपायहरुबारे प्रकाश पारेकी थिइन् । लायन्स क्लबका प्रतिनिधि डा. अविषेक अर्यालका अनुसार आगामी साता पुनः यस्तै जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । कार्यक्रममा क्याम्पस प्रमुख, प्राध्यापक, समाजसेवी, सञ्चारकर्मी तथा छात्राहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# कर्मचारी मिलन केन्द्र पर्साको अध्यक्षमा मल्लिक

**मधेशदृष्टि**
**वीरगंज ।**
कर्मचारी मिलन केन्द्र पर्साको अध्यक्षमा प्रभाकर कुमार मल्लिक चयन भएका छन् । केन्द्रको वार्षिक साधारणसभा तथा अधिवेशनबाट मल्लिकको नेतृत्वमा १३ सदस्यीय कार्यसमिति चयन गरिएको हो ।
केन्द्रको शनिबार सम्पन्न अधिवेशनले जिल्ला अदालत पर्साका श्रेस्तेदार मल्लिकको नेतृत्वमा चयन गरेको समितिको उपाध्यक्षमा जगरनाथपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादव, महिला उपाध्यक्ष नेपाल बीमा प्राधिकरण मधेश प्रादेशिक कार्यालय प्रमुख प्रिति देव, सचिवमा जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत दीपककुमार पटेल, सहसचिव राष्ट्रिय समाचार समिति वीरगंज कार्यालयका प्रमुख हिमाल लम्साल, कोषाध्यक्षमा कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका कोष नियन्त्रक सन्तोषप्रसाद कुशवाह चयन भएका छन् ।
कार्यसमितिको सदस्यहरूमा यान्त्रिक व्यवस्थापन कार्यालयका इन्जिनियर सुरेश प्रसाद, नेपाल बैंक लिमिटेडका शाखा प्रबन्धक रञ्जनकुमार केशरी, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक अमृत बस्नेत, घरेलु तथा साना उद्योग कार्यालयका अधिकृत अन्जनी मण्डल, वीरगंज महानगरपालिकाका इन्जिनियर राकेशप्रसाद साह र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडका सूचना अधिकारी सञ्जयकुमार गुप्ता रहेका छन् । थप एक सदस्य पछि मनोनयन गरिने बताइएको छ ।

# उपकार सेवाद्वारा ह्वीलचेयर प्रदान

**मधेशदृष्टि**
**वीरगंज ।**
उपकार सेवा नेपालले एक जनालाई ह्वीलचेयर प्रदान गरेको छ । बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २१ अमलेखगञ्ज निवासी ४३ वर्षीय सुमन कार्कीलाई ह्वीलचेयर प्रदान गरिएको हो । सामाजिक अभियानता प्रकाश थारुकाअनुसार तीन वर्ष पहिले दुर्घटनामा परी ईस्पाइनल ईन्जुरी भई हिँडडुल गर्न नसक्ने सुमनलाई ह्वीलचेयर प्रदान गरिएको हो । ह्वीलचेयर पाएसँगै सुमनको दैनिकीमा केही सहज हुने उपकार सेवा नेपालकी अध्यक्ष विद्या कुमारी सरावगीको विश्वास छ । अध्यक्ष सरावगीसँगै संस्थाका सदस्य अंकुर शर्मा लगायतले सुमनको घरमै पुगेर ह्वील चेयर प्रदान गरेका हुन् ।

# धनुषामा विपन्न वर्गका लागि कृषिखाद्य परियोजना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा विपन्न वर्गका लागि कृषिखाद्य परियोजना शुरु भएको छ । विपन्न किसानहरुको सुधार र खाद्य सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले प्रकृतिमा आधारित कृषि खाद्य परियोजना शनिबारदेखि प्रारम्भ भएको हो ।
परियोजनाको मधेश प्रदेशका भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव विनयकुमार कर्णले शुभारम्भ गरे । आगामी चार वर्षसम्म सञ्चालन हुने उक्त परियोजना गणेशमान चारनाथ नगरपालिका, शहीदनगर नगरपालिका र जनकनन्दिनी गाउँपालिकासहित अन्य तीनवटा पालिकामा कार्यान्वयन गरिने जानकारी परियोजना शुभारम्भ कार्यक्रममा दिइएको छ । परियोजनाबाट धनुषाका पाँच हजार सीमान्तकृत परिवारको खाद्य सुरक्षामा सुधार गर्ने लक्ष्य छ । परियोजनाबाट दुई सय किसान समूह गठन गरी तिनमा आबद्ध सदस्यलाई बिऊबिजनलगायत कृषि सामग्री पनि वितरण गरिनेछ ।

# तिलाव नदीमा महिलाको शव फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिका वडा नम्बर ४ डोकैला बहुअरीस्थित तिलावे नदीमा एक जना महिलाको शव फेला परेको छ । आज साँझ पहिचान न खुलेको महिलाको शव भेटिएको हो । खुटा डोरीले बाधिएको र शरीरमा जातो बाँधिएको अवस्थामा उनको शव फेला परेको डकैला बहुअर प्रहरी चौकीका असई राज कुवर यादवले बताए । महिलालाई मारेर नदीमा फालिएको प्रहरीको प्रारम्भिक अनुमान छ ।
शवको पोष्टमार्टमका लागि वीरगंजस्थित नारायणी अस्पताल राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको चौकीका असई यादवले बताए ।

# जनकपुरले संकलन गर्यो शतप्रतिशत राजस्व




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तीन वर्षपछि आन्तरिक राजस्व कार्यालय जनकपुरको राजस्व सङ्कलन शतप्रतिशत पुगेको छ । चालु आर्थिक वर्षको माघ महिनामा मात्र १२२ प्रतिशत राजस्व संकलन भएको हो । गत माघ महिनामा ३० करोड ९६ लाख २१ हजार रुपैयाँ राजश्व संकलन लक्ष्य राखेकोमा ३७ करोड ७४ लाख ५८ हजार रुपैयाँ राजश्व उठेको कार्यालय प्रमुख कर अधिकृत आनन्द कुमार गुप्ताले जानकारी दिए । यो लक्ष्यभन्दा २२ प्रतिशत बढी हो । चालु आर्थिक वर्षको माघ महिनासम्म २ अर्ब ५१ करोड ६० लाख ७५ हजार रुपैयाँ राजश्व असुल्ने कार्यालयको लक्ष्य छ । जसमा २ अर्ब ५१ करोड १ लाख ३० हजार रुपैयाँ असुल उपर भएको प्रमुख गुप्ताले बताए ।

# छुट्टाछुट्टै भएको कार्यक्रममा २ सय बढीले गरे रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा र बाराका विभिन्न स्थानमा भएको कार्यक्रममा २२९ जनाले रक्तदान गरेका छन् । वीरगंजको छपकैया, बाराको नवतन गण्डक र जीतपुरमा आयोजित कार्यक्रममा १३ जना महिला सहित २२९ जनाले रक्तदान गरेका हुन् । नवतन गण्डक चौकमा न्यू रावो ईन्टरप्राइजेजले आयोजना गरेको कार्यक्रममा ४ जना महिलासहित १०३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेले जानकारी दिए । उनका अनुसार ललिता देवी, संगीता देवी, किरण देवी, सबिता सहनी, रामसिंह पटेल, रन्जन कुमार साह लगायतले रक्तदान गरेका हुन् । रक्तदान कार्यक्रमको उद्घाटन ईलाका प्रहरी कार्यालय नवतनका प्रमुख प्रहरी निरीक्षक सुरेशराज भट्टले गरेका थिए ।
यसैगरी बाराको जीतपुरमा पनि भैरव टीको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । सञ्चालक भैरव गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा २ जना महिला सहित ७३ जनाले रक्तदान गरेका छन् । कार्यक्रममा रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक मनिष कुमार साह सहितको टोलीले प्राविधिक सहयोग गरेको थियो ।

बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

सम्पादकीय

# फेरि सुधारकेन्द्रमा युवकको मृत्यु

*बारामा सुधारकेन्द्रमा कारबाही नस्वीकार्दा कुटिकुटी मारिएको घटनाले आहत मधेशमा फेरि राजधानी जनकपुरधाममै अर्का युवाको सुधारकेन्द्रमा मृत्यु भएको घटना सार्वजनिक भएको छ। जनकपुरधामस्थित सुधार केन्द्रमा धनुषा, गणेशमान चारनाथ नगरपालिका–१०, डुमरियाका २० वर्षीय राजकुमार यादवको मृत्यु भएको हो। यादव पछिल्लो दुई महिनादेखि जनकपुरधाम उपमहानगरपालिका–१९ बेंगाशिवपुरस्थित किशोर फाउन्डेशन सुधार केन्द्रमा थिए। सुधार केन्द्रमा रहेका उनको बुधबार साँझ मृत्यु भएको हो। सुधार केन्द्रका व्यवस्थापक संजीव शर्माका अनुसार राजकुमारलाई बुधबार बिहान ११ बजे जनकपुरको समर अस्पताल लगिएको र घाँटीमा कफ जमेको जस्तो भई सास लिन समस्या देखिएको थिये। प्रारम्भिक उपचारपछि चिकित्सकले उनलाई निगरानीमा राख्न सल्लाह दिएका थिए। तर, दिउँसो ४:३० बजेतिर पुनः स्वास्थ्य अवस्था बिग्रिएपछि जनकपुर प्रादेशिक अस्पताल लगिएकामा सुधार केन्द्रबाट ल्याउँदा नै यादवको मृत्यु भइसकेको थियो। अस्पतालको आकस्मिक कक्षका मेडिकल अफिसर राधे मण्डल र रमेश यादवले बिरामी मृत घोषित गरिदिए।*

*स्थानीय महेशलाल यादवका अनुसार मृतक राजकुमारकी आमा सरस्वती देवी चार दिनअघि सुधार केन्द्रमा छोरा भेट्न पुगेकी थिइन्। आमाले छोराको अनुहार अत्यन्त मलिन देखेपछि घर लैजान चाहेकी थिइन्। सुधार केन्द्रका सञ्चालकहरूले ४–५ महिना सुधार केन्द्रमै राखे मात्र निको हुने बताएर छोरालाई घर लैजान दिएका थिएनन्। तर त्यसको चार दिनपछि नै यादवको मृत्यु भयो। राजकुमारको मृत्युबारे परिवारले सुधार केन्द्रमाथि शंका गरेको छ। परिवारजनले सुधार केन्द्रमा अत्यधिक औषधी सेवन गराएर ओभरडोजले पो ज्यान गयो कि भन्ने आशंका छ। धनुषा प्रहरीले पनि प्रारम्भिक अनुसन्धानमा अस्पतालमा उपचारपछि सुधार केन्द्र लगिएको र सुतेको सुत्यै भएकाले पुनः अस्पताल ल्याइँदा मृत्यु भएको पाइएको जनाएको छ। सुधार केन्द्रका सञ्चालकहरुले पनि यस्तै ओठे जवाफ दिएर मृत्युबारे सामान्य प्रतिक्रियामा टार्न खोजेको देखिन्छ। घरका एक मात्र छोराको यो हविगतले परिवार चिन्तामा डुबेका छन्। राजकुमारका दुई सन्तान छन्। बुबा वैदेशिक रोजगारीमा छन्। परिवारले पनि शंका र चिन्ता गर्नु पर्ने गरी सुधार केन्द्रहरु किन सञ्चालन भइरहेका छन्। जहाँ सन्तानको सुरक्षा त परको कुरा, घर लैजान्छु भन्दा पनि लैजान नदिएर सुधार केन्द्रमा मरण हुने अवस्था आउँदासम्म सञ्चालकहरु के गरिरहेका छन्? सुधार केन्द्रको लापरबाहीका कारण छोराको ज्यान गएको भन्दै परिवारजनले निष्पक्ष छानबिन माग गरेको छ।*

*स्थानीय प्रशासनले घटनामा आवश्यक अनुसन्धान भइरहेको दाबी गरेको छ। तर अनुसन्धान घटनामा होइन, सुधार केन्द्रको साइनबोर्ड राखेर जनताको छोराछोरीको सजिलै ज्यान जाने अवस्था कसरी आइरहेको छ? सुधार केन्द्र हो कि मृत्यु केन्द्र हो? मापदण्ड अनुसार सुधारकेन्द्र सञ्चालनमा छ कि छैन? छैन भने यस्ता सुधार केन्द्रहरु धमाधम किन बन्द नगराउने? जहाँ सामान्य कारबाही मानेन भनेर कुटिकुटी मारिन्छ, आमाले छोरा घर लैजान्छु भनेको चार दिनमै छोरा मर्छन् र सुधार केन्द्रका सञ्चालकहरु भनिरहेका हुन्छन्, 'निको हुन चार महिना लाग्छ, यहीँ राख्नोस्।' कसको इशारा र आशीर्वादमा यो मरणकेन्द्र सुरक्षित भइरहेको छ?*

## आश्वासन आउँछ, काम हुँदैन

रासस

कञ्चनपुरको बेदकोट नगरपालिका १० चतहरीमा रहेको रत्न माध्यमिक विद्यालय अभावै अभावमा सञ्चालन हुँदै आएको छ। पुराना जीर्ण जस्तापाताको छानो भएका भवनमा विद्यार्थीलाई पठनपाठनको कार्य गराउन निकै समस्या हुने गरेको छ।

विद्यालयमा रहेका आठ भवनका १२ कक्षा कोठा मध्ये आठ कक्षा कोठा मात्रै प्रयोग गर्न योग्य रहेको विद्यालयका प्रद्यानाअध्यापक शेरबहादुर सार्कीले बताए। वर्षातका बेला भवन चुहिने भएकाले पठनपाठनमा समस्या हुने गरेको उनले बताए। उनका अनुसार हिउद र गर्मीका बेला पानी नपर्दा सम्म भवन प्रयोग गर्न सकिने भएपनि जस्तापातामा खिया लागेर प्वालै प्वाल परेकाले वर्षातमा भवन प्रयोग गर्न सकिँदैन।'विद्यार्थीका लागि बस्नका लागि पर्याप्त डेस्क बेन्च छैनन्, भएका पनि पुराना भएकाले कुन समय टुटने हुन पत्तो छैन, आर्थिक अभावले मर्मत गर्न सकिएको छैन', उनले भने, 'पुराना विद्यालय भवनका झयाल, ढोका प्लाइउडका भएकाले मक्किएर खस्ने अबस्थामा छन, सौचालय पुराना र निकै जिर्ण हुदा प्रयोग गर्न लायक छैनन्।'खानेपानीको पाईप विद्यालय सम्म ल्याइए पनि निकै कम मात्रै पानी आउने भएकाले विद्यार्थी शिक्षकलाई खानेपानीको पनि समस्या उत्तिकै रहेको छ। विद्यालयमा अध्ययन गर्ने विद्यार्थी मध्ये ९० प्रतिशत जनजाती र दलित समुदायका रहेका छन। दश प्रतिशत विद्यार्थी मात्रै अन्य समुदायका रहेका छन।

अभिभावकको आर्थिक अबस्था दयनिय हुदा विद्यालया भौतिक संरचना निर्माणमा सहयोग गर्नका लागि आर्थिक सहयोग माग्न नसकिएको प्रअ सार्कीको भनाई रहेको छ। विद्यालयमा कुल विद्यार्थीको संख्या पाँच सय ५५ रहेको छ। ती मध्ये ६० प्रतिशत छात्रा रहेका छन। नियमित विद्यालय आउने विद्यार्थीको संख्या ७० प्रतिशत रहेको छ।

बालबालिकालाई विद्यालय पठाउनुपर्छ भन्ने अभिभावकमा चेतनाको कमी हुदा ३० प्रतिशत विद्यार्थी नियमित विद्यालय नआउने गरेको प्रअ सार्की बताउँछन्। आर्थिक विपन्नताका कारण धेरैजसो अभिभावकहरु घरायसी गर्जो टार्नका लागि भारत तर्फ जाने भएकाले केही बालबालिका बृद्ध बाजे बज्यै संग बस्ने गरेका छन।

केही अभिभावकले विचमै पढाई छुटाएर बालबालिकालाई आफु सगै काम गर्नका लागि लैजाने गरेका छन। वीचमै कक्षा छाडने विद्यार्थीको संख्या २० प्रतिशतको हाराहारीमा रहेको छ। बालबालिकालाई नियमित विद्यालय पठाउनु पर्छ भनेर छलफल, बैठक बोलाए पनि अभिभावक उपस्थित नहुने गरेको गुनासो प्रअ सार्कीले सुनाए। विद्यालयमा अध्ययनरत धेरै विद्यार्थीले आर्थिक विपन्नताकै कारण एउटै पोशाक वर्ष भरी लगाउनु पर्ने अबस्था रहेको छ।

विद्यालयका शिक्षकहरु भन्छन्, 'विद्यालयको अबस्था बारे नगरपालिका कार्यालय र वडा कार्यालयमा अवगत गराए पनि समस्या अझै सम्म समाधान हुन सकेको छैन, अश्वासन पाईने गरेपनि विद्यालयका भौतिक पूर्वाधार सुधारमा ध्यान दिइएको छैन।' विद्यालय भवन निर्माणका लागि प्रदेश सरकाले दिने भनिएको रु २० लाख रकम विद्यालयको स्वामित्वको जग्गा नहुदा नगरपालिकामार्फत वित्तीय स्तान्तरण गरी उपलब्ध गराउने भएको छ।

भवन बन्ने नबन्ने के हुने हो भन्ने बारे निक्र्यौल हुन नसकेको शिक्षकहरुको भनाई रहेको छ। विद्यालयमा माध्यमिक तहका एक र आधारभूत तह( प्राथमिक तह)का छ जना गरी सात जना शिक्षक मात्रै स्थायी रहेका छन। राहत कोटामा तीन, नगर शिक्षक दुई र संघीय अनुदानबाट तीन जना शिक्षक विद्यालयमा कार्यरत रहेका छन। विद्यालय विसं २०३९ सालमा स्थापना भएको हो।

## 'मेरो विद्यालय, मेरो दायित्व'

**रासस**

पाल्पामा सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न 'मेरो विद्यालय, मेरो दायित्व' अभियान सुरु भएको छ। लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयको अगुवाइमा शुक्रबारदेखि पाल्पासहित प्रदेशका १२ वटै जिल्लाका १७ विद्यालयमा पहिलो चरणको अभियान एकैसाथ थालनी भएको हो।

लुम्बिनीका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले जनता माध्यमिक विद्यालय तानसेनबाट अभियानको शुभारम्भ गरेका हुन्। उनले यही विद्यालयमा माध्यमिक तहको शिक्षा अध्ययन गरेका थिए। आफू पढेको विद्यालयप्रति जिम्मेवार बनाउन सकिएमा सामुदायिक विद्यालयको गुणस्तरमा सुधार, आर्थिक अवस्थामा सुधार, पूर्वाधारमा सुधार गर्न सकिने अभिप्रायले 'मेरो विद्यालय, मेरो दायित्व' अभियान सञ्चालन गरिएको उनको भनाइ छ। आफूले पढेको जनता माविलाई विगतमा पनि सहयोग गर्दै आएको र आगामी दिनमा सहयोग गर्ने मन्त्री सारुले प्रतिवद्धता जनाए।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न पूर्वविद्यार्थी, जनप्रतिनिधिदेखि अभिभावकसम्मलाई आफ्नो दायित्व अनुभूति गराउन यो अभियानले महत्वपूर्ण भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे। 'सामुदायिक विद्यालयप्रति चासो र आफ्नो दायित्वबोध गराउने अभियानको मुख्य उद्देश्य हो,' उनले भने, 'पूर्वविद्यार्थीले चाहेको अवस्थामा विद्यालयमा धेरै सुविधा र सुधारका काम हुन सक्छन् भन्ने विश्वास छ।'

फरक प्रसङ्गमा मन्त्री सारुले मुलुकमा धेरै परिवर्तन भएकाले केही भएन भन्नु गलत भएको बताए। मन्त्री सारुले भने, '१०४ वर्षीय राणाशासनको अन्त्य गर्दै जनताका छोराछोरीले पनि पढ्न पाउनुपर्ने र जनताकै छोराछोरीले मुलुकको नेतृत्व गर्न पाउनुपर्छ भनेर प्रजातन्त्र, गणतन्त्र हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था गरियो, के यो परिवर्तन हैन ?, आज हाम्रा हात हातमा मोबाइल फोन, इन्टरनेट, कम्प्युटरजस्ता आधुनिक प्रविधि आए के तिनीहरु विकास हैनन् ? गाउँगाउँमा विद्यालय, सडक, खानेपानी, बिजुलीजस्ता विकासका पूर्वाधार पुगेका छन् ,तर हामी अझै देशमा केही भएन भन्न छाडेका छैनौँ, यो गलत हो।' नकारात्मक भाष्य चिर्ने र जनताको पक्षमा अझ राम्रा काम गरेर जनतामा आशा र भरोसा जगाउनेतिर केन्द्रित हुनुपर्ने बेला आएको उनको भनाइ थियो।

## सामुदायिक र निजी विद्यालयको 'मितेरी' सम्बन्ध

**रासस**

दाङको तुलसीपुर उपमहानगरपालिका–३ स्थित मावि प्रतापकोट र तुलसीपुर–६ स्थित गोरखा माध्यमिक विद्यालयले भगीनी सम्बन्ध जोडेका छन्। जसका कारण गोरखा माविले मावि प्रतापकोटलाई सहयोग गर्दै आएको छ।

कोठामा म्याट, डेस्क, बेञ्च तथा विद्यालयको रङरोगनमा पनि सहयोग गर्दै आएको छ। गोरखाले मावि प्रतापकोटलाई आवश्यकताअनुसार सहयोग गर्दै आएको छ। विद्यालयको भौतिक पूर्वाधारदेखि खेलकुदका सामग्री पनि सहयोग गर्दै आएको गोरखा ग्रुपका शैक्षिक निर्देशक दुर्गा केसीले बताए। गएको वर्ष ३२ थान डेस्क, बेञ्च, पुरानो चार कोठे भवनको रङरोगन, झ्याल ढोका मर्मत गर्न सहयोग गरेको निर्देशक केसीले बताए।

त्यस्तै विगतमा विद्यार्थीलाई न्यानो कपडा वितरण, खेलकुद सामग्री, विद्यार्थीका लागि राउन्ड टेबल, म्याट, प्राथमिक उपचारका सामग्री सहयोग गरिएको छ। यो वर्ष पनि सोही विद्यालयलाई स्मार्ट बोर्ड दिने तयारी रहेको केसीको भनाइ छ।

भगिनी सम्बन्ध निरन्तर जारी रहने भन्दै विद्यार्थीलाई जे आवश्यक पर्छ, त्योअनुरूप सहयोग गर्ने उनको भनाइ छ। साथै उनले सोही विद्यालयमा अध्ययन गरेर निस्केका एक जना विद्यार्थीलाई उच्च शिक्षाका लागि पनि सहयोग गरिएको बताए।

मावि प्रतापकोटका व्यवस्थापन समिति अध्यक्ष लिलामणि बाँठाले भने, '२०७५ सालदेखि हाम्रो भगिनी सम्बन्ध जोडिएको हो, त्यहाँदेखि नियमित सहयोग भइरहेको छ। त्यो सहयोगले हाम्रो विद्यालयको अवस्था फेरिएको छ।'

आवश्यक पर्ने डेस्क, बेञ्च, प्राजेक्टर, म्याटका साथै विद्यार्थीलाई शैक्षिक सामग्री तथा कपडा समेत सहयोग गर्दै आएको उनले

## पर्यटकलाई निःशुल्क 'नेचर गाइड'

कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भ्रमण गर्ने पर्यटकलाई पथ प्रदर्शक (नेचर गाइड) निःशुल्क गरिएको छ।

शुक्रबारदेखि भीमदत्त नगरपालिकाले आयोजना गरेको शुक्लाफाँटा पर्यटन महोत्सवमा महोत्सव अवधिभर निकुञ्ज भ्रमण गर्ने पर्यटकलाई पथ प्रदर्शक (नेचर गाइड)निःशुल्क गरिएको हो।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको स्थापना दिवसको अवसर पारेर शुक्रबारदेखि १५ गतेसम्म शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा शुक्लाफाँटा पर्यटन महोत्सव आयोजना गरिएको छ।

नगरपालिकाले निकुञ्जमा पर्यटक भित्र्याउन पर्यटन महोत्सव आयोजना गरेको भीमदत्त नगर पर्यटन विकास समितिका संयोजक राजेन्द्र केसीले जानकारी दिए। उनपर्यटकका लागि शुक्लाफाँटा आकर्षक गन्तव्य भएकाले यसको प्रचारप्रसार गर्न महोत्सवको आयोजना गरेको बताए।

'एक सातासम्म चल्ने महोत्सवमा निकुञ्ज भ्रमण गर्ने पर्यटकलाई निःशुल्क नेचर गाइडको व्यवस्था गरिएको छ।' उनले भने, 'पर्यटकलाई प्रोत्साहनस्वरूप पहिलो एक सय गाडी (निजी तथा सफारी) निःशुल्क गरिएको छ।' नेचर गाइड र सफारीको शुल्क शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले सहयोग गर्ने व्यवस्था मिलाइएको उनको भनाइ छ।

प्रकृतिसँग रमाउन पर्यटकका लागि शुक्लाफाँटा आकर्षण गन्तव्य रहेकाले यसको प्रचारप्रसारमा जोड दिनुपर्ने पर्यटन व्यवसायीहरू बताउँछन्।

'आन्तरिक र बाह्य पर्यटक भित्र्याउनका लागि राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्नु आवश्यक छ,' होटेल व्यवसायी सङ्घ कञ्चनपुरका अध्यक्ष रामचन्द्र रेग्मीले भन, 'स्थोनीयस्तरमा निजी क्षेत्रबाट पहल भए पनि बाह्य पर्यटक भित्र्याउन सरकारले पहल गर्नुपर्छ।'

विश्वमै दुर्लभ जीवजन्तु पाइने शुक्लाफाँटाको प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यको रूपमा विकास गर्न महोत्सवले सहयोग पुग्ने अपेक्षा रहेको उनले बताए। शुक्लफाँटा राष्ट्रिय निकुञ्ज महानन्द जोशीले शुक्लाफाँटा पर्यटकका लागि आकर्षक गन्तव्य भए पनि प्रचारप्रसार नहुँदा पर्यटकको सङ्ख्या न्यून रहेको बताए।

'शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको प्रवेशद्वारबाट २४ किमि दूरीमा शुक्लाफाँटाको ठूलो घाँसे मैदान (फाँट) छ। जुन फाँटमा एकैपटक सयौँ बाह्रसिङ्गाको झुन्ड देख्न सकिन्छ,' उनले भने 'वन्यजन्तु मात्रै नभई यहाँ दुर्लभ वनस्पतिको लागि पनि प्रसिद्ध ठाउँ हो।'

निकुञ्जमा ५६ प्रजातिका स्तनधारी जीव, ५६ प्रजातिका घस्रने वन्यजन्तु १५ प्रजातिका उभयचर, ८८ प्रजातिका माछा, १११ प्रजातिका पुतली निकुञ्जभित्र रहेका छन्।

उनका अनुसार शुक्लाफाँटामा विश्वमै दुर्लभ मानिएको सारस, खर मजुर, सिम तित्रा, राजधनेश र लेसर भुडीफोरजस्ता वन्यजन्तु पनि छन्। जसमा पाटेबाघ, एकसिङ्गे गैँडा, हात्ती बाह्रसिङ्गा, कृष्णसार, सालक, नीलगाई, चितुवा चितल, लगुना, रतुवा, हिसपीड खरायो, बँदेल आदि रहेका छन्।

तीन सय पाँच वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाह्रसिङ्गाका लागि प्रसिद्ध मानिन्छ। निकुञ्जमा दुई हजार दुई सय बढी बाह्रसिङ्गा छन्। यहाँ घुम्न आउने पर्यटकले ठूलो सङ्ख्यामा बाह्रसिङ्गाको झुन्ड देख्न पाउँछन्। त्यसैगरी २५ वटा जङ्गली हात्ती, १६ वटा एकसिङ्गे गैँडा, ४२ वटा पाठेबाघ रहेका छन्।

'निकुञ्जको विश्वकै सबैभन्दा ठूलो घाँसेमैदान पनि यसको विशेषता हो निकुञ्जको १९ प्रतिशत क्षेत्र घाँसेमैदान छ,' जोशीले भने'जङ्गली हात्ती, पाटेबाघ, चितुवा, बाह्रसिङ्गा, जरायो, चित्तलजस्ता स्तनधारी जनावर यस निकुञ्जका प्रमुख वन्यजन्तु हुन् भने रानी ताल तथा अन्य स–साना तालहरूमा मगर गोहीहरू प्रशस्त पाइन्छन्।'

उनका अनुसार रैथाने र बसाइँ सरी आउने गरी ४६१ भन्दा बढी चराचुरूङ्गी पाइन्छन्। शुक्लाफाँटाका क्षेउ पिपरियामा हात्तीसार छ।

त्यहाँ हात्ती चढ्न पाइन्छ। आगन्तुकको समयअनुसार हात्तीमा जङ्गल सफारीको समेत सुविधा छ। एकसाता सञ्चालन हुने महोत्सवमा निकुञ्ज क्षेत्रमा सरसफाइ, निबन्ध प्रतियोगिता र नेपाल–भारतका पर्यटन व्यवसायी र ट्राभल व्यवसायीसँग अन्तर्क्रिया समेत आयोजना गरिएको बताए।

# परराष्ट्रमन्त्रीद्वारा उडिसाका मुख्यमन्त्रीसँग टेलिफोन वार्ता



**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले भारतको उडिसास्थित केआइआइटीमा नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्यु र त्यसपछि विकसित घटनाक्रमबारे शनिबार उडिसाका मुख्यमन्त्री मोहनचरण माझीसँग टेलिफोनमा कुराकानी गरेकी छिन् ।
परराष्ट्रमन्त्रीले उनीसँग लम्सालको मृत्युको निष्पक्ष अनुसन्धान र दोषीमाथि कारबाहीका साथै त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीको सुरक्षित वातावरणमा पठनपाठनको व्यवस्थाका लागि आग्रह गरेको परराष्ट्रमन्त्रीको निजी सचिवालयले जनाएको छ ।
नेपाली विद्यार्थीमाथि दुर्व्यवहार गर्ने शिक्षक तथा कर्मचारीलाई कलेजले बर्खास्त गरेकोमा उनीहरूलाई अस्थायी नभएर स्थायी रूपमा नै हटाउन उडिसा सरकारले नै पहल गरिदिनका लागि उनले आग्रह गरेकी थिइन् । यस विषयमा कलेजमा समिति बनेको र त्यहाँ नयाँदिल्लीस्थित नेपाली राजदूतावासका कूटनीतिक कर्मचारी खटिएकाले समन्वयका लागि मन्त्री देउवाले मुख्यमन्त्री माझीसँग आग्रह गरिन् ।
मुख्यमन्त्री माझीले घटनालाई उडिसा राज्यले नै गम्भीर रूपमा लिएको र लम्साललाई न्याय र दोषीमाथि कारवाहीका लागि उच्चस्तरीय छानबिन समिति गठन गरेर काम शुरु गरिएको जानकारी गराएका थिए ।
साथै,उनले त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीलाई सुरक्षित रूपमा पठनपाठनको व्यवस्थाका लागि उडिसा सरकारका तर्फबाट आवश्यक सबै सहयोग उपलब्ध गराउने आश्वासन दिएका थिए । परराष्ट्र मन्त्रालय र नेपाली राजदूतावास र उडिसा सरकार, केआइआइटी प्रशासन र भारतीय सुरक्षा अधिकारीको सम्पर्कमा रहेर समन्वयका साथ काम गरिरहेका छन् । रासस

# 'देश समृद्ध बनाउन पुँजी विकासमा सुधार आवश्यक'

**काठमाडौं ।**
विज्ञहरूले देश समृद्ध बनाउन मानव पुँजी विकासमा सुधार आवश्यक रहेको बताएका छन् । 'फ्रेन्डस् अन द क्लाउडः प्लेटफर्म अफ इन्फ्लुएन्सर्स नेपाल' ले आयोजना गरेको 'नेपाल चाइना पार्टनरसीपः एडभान्सिङ नेपालस् फिनान्सियल ग्रोथ' कार्यक्रममा विभिन्न क्षेत्रका विज्ञहरुले आइटी, पूर्वाधार, शैक्षिक विकासमा जोड दिनुपर्ने र आवश्यकताअनुसार छिमेकी देश चीनसँग सहकार्य र साझेदारी गर्नुपर्ने बताएका हुन् ।
कार्यक्रममा लुम्बिनी प्रदेश योजना आयोगका सदस्य डा सुदनकुमार वलीले देश विकासका लागि आगामी लक्ष्य के हो भन्ने निर्धारण गर्दै अगाडि बढ्नुपर्ने धारणा राखे ।
उनले भने, 'देश समृद्धितर्फ लिन मानव पुँजी विकासमा सुधार आवश्यक छ । शिक्षा र स्वास्थ्य क्षेत्रको जनशक्ति विकासमा ध्यान दिनुपर्छ । पर्यटनमा लगानी र आतिथ्य व्यवस्थापनमा ध्यान दिनुपर्छ । कृषि, यातायातमा चीन निकै अगाडि छ त्यसमा सहकार्य गर्न सकिन्छ ।'
प्रा.डा. केशव बस्यालले शिक्षा क्षेत्रको विकास र लगानीबारे सोच्नुपर्ने बेला आएको बबताए । उनले अब बन्ने नीति तथा कार्यक्रम प्रमाण तथा तथ्यका आधारमा बन्नुपर्नेमा जोड दिए ।
'पुरानै उद्देश्यले अब काम चल्दैन । दीर्घकालीन रूपमा कसरी काम गर्नुपर्छ भन्नेमा हामी गएनौँ । चीनले प्राइभेट क्षेत्रसँग सहकार्य गरेर अगाडि बढिरहेकामा रोजगारी सिर्जनामा नेपालले पनि त्यो मोडल अपनाउनुपर्छ,' बस्यालले भने ।
पूर्वाधारविज्ञ लालकृष्ण केसीले पूर्वाधार समग्र देश विकाससँग जोडिएकाले यसमा प्रतिफल दिने गरी लगानी गर्नुपर्ने बताए । उनले पूर्वाधार विकास नभइ आर्थिक विकास र त्यो नभए सामाजिक विकास नहुने धारणा राखे ।
आइटीविज्ञ वसन्त वनले प्रविधिको गतिअनुसार काम गर्न नसके विकासको गति पछि पर्ने तर्क गरे ।
'आइटी क्षेत्रलाई विकासको मेरुदण्ड मानेर अघि बढ्नुपर्छ । यसले आर्थिक तथा सामाजिक विकासमा टेवा पु¥याउँछ । हामीसँग अवसर र चुनौती दुवै छन् । हाम्रा कमजोरी र सामाथ्र्य के हुन् त त्यसलाई केलाएर अघि बढ्नुपर्छ । आवश्यकताअनुसार साझेदारी गर्न सकिन्छ,' उनले भने ।
आयोजक संस्थाका अध्यक्ष शोभित उप्रेतीले विभिन्न क्षेत्रमा नेपाल र चीनसँगको सहकार्यले आर्थिक समृद्धिमा सहयोग पुग्ने बताए । हामीहरूसँग स्रोत भए पनि तिनको प्रयोग गर्न नजान्दा समस्या भएको धारणा राख्दै अब सीमित स्रोतसाधन उपयोग गरेर अघि बढ्नुपर्नेमा जोड दिए । रासस

# स्थानीय तहबाट समाजवादको अभ्यास गर्ने अभियानमा छौँः प्रचण्ड



**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टी अब आफ्नै वर्गमा फर्केर स्थानीय तहबाट समाजवादको अभ्यास गर्ने अभियानमा अघि बढेको बताएका छन् । माओवादी केन्द्र केन्द्रीय कार्यालयले आयोजना गरेको स्थानीय तहबाट समाजवादको पूर्वाधार निर्माणसम्बन्धी अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।
माओवादी केन्द्रले नेतृत्व गरेका सबै पालिका नमुना बन्नुपर्ने बताउँदै उनले स्थानीय तहबाट समाजवादी अर्थतन्त्र, संस्कृति र शैलीको थालनी गर्न आवश्यक रहेको बताए । अध्यक्ष दाहालले समाजवादको सैद्धान्तिक बहसलाई व्यावहारिक रुपमा स्थानीय तहबाट निर्माण गर्दै लैजाने पार्टीले निर्णय गरेको जानकारी दिए ।
पार्टीले आठौँ महाधिवेशनबाट अघि सारेको नेपाली विशेषताको समाजवाद निर्माण गर्ने मर्ममा साथ माओवादी केन्द्रले नेतृत्व गरेका कयौं स्थानीय पालिकाले उत्कृष्ट नतिजा दिँदै आएको उनले बताए । उनले भने,'अब विकास विदेशीको नक्कल गरेर होइन, आफ्नै विशेषतामा अघि बढाउनुपर्छ ।'
अध्यक्ष दाहालले पछिल्लो केही समय आवश्यकताभन्दा बढी सहकार्य र समीकरण गर्दै जाँदा आफ्नो वर्ग र समुदायसँगको सम्बन्ध कमजोर भएको गम्भीर आत्मसमीक्षा गरेर आफ्नै वर्गमा फर्कनुपर्छ र पार्टीलाई पुरानै अवस्थामा फर्काउन सकिन्छ भन्ने निष्कर्षमा पुगेर नयाँ अभियान थालिएको बताए । रासस

# 'विकास–निर्माणका काममा सरकार क्रियाशील छ'

**बागलुङ ।**
वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले वर्तमान सरकार विकास–निर्माणका काममा सरकार क्रियाशील रहेको बताएका छन् ।
शनिबार बागलुङमा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उनले दुई ठूला दल मिलेर बनेको वर्तमान सरकारले विकास निर्माणका कामलाई प्रमुख प्राथमिकता दिएर तदनुरुप् काम गरिरहेको बताए ।
आर्थिक विकासलाई केन्द्रमा राखेर वर्तमान सरकारले काम गरिरहेको र यो सरकार गठन भएपछि आर्थिक अवस्थामा पनि सुधार आएको उनको कथन थियो ।
यद्यपि उनले सन्तोष मानेर बस्ने बेला नभएको भन्दै अर्थतन्त्रलाई अझ सुदृढ बनाउन निजी क्षेत्रसँगको साझेदारीमा अझ धेरै काम गर्न बाँकी रहेको बताए ।
'यो सरकारले जनतामा आशा जगाउनेगरी काम गरिरहेको छ, गठबन्धनलाई सुदृढ बनाउने प्रयास जारी छ' मन्त्री शाहीले भने –'पहिलेको जस्तो निराश हुनु पर्ने अवस्था छैन, सरकार सबै क्षेत्रको विकासका निम्ति गम्भीर भएर लागेको छ ।' उनले वनलाई जनतासँग र समृद्धिसँग जोड्नुपर्नेमा पनि जोड दिए । रासस

# मुस्ताङमा फोहर व्यवस्थापन अभियान



**म्याग्दी ।**
मुस्ताङमा नकुहिने सिसा, धातु र प्लास्टिकजन्य फोहर व्यवस्थापन अभियान सञ्चालन भएको छ । स्थानीय तह, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), आमा समूह र युवा क्लबहरूले प्रदुषण न्यूनीकरण गर्न प्लास्टिक, धातु र सिसाजन्य फोहर व्यवस्थापनमा जुटेका हुन् ।
एक्याप जोमसोमका प्रमुख प्रमोदराज रेग्मीले पदमार्ग र बस्तीमा नकुहिने फोहर सङ्कलन गरेर पोखरा पठाउने व्यवस्था मिलाएको जानकारी दिए ।
'हिमाली भूगोल भएको मुस्ताङमा प्लास्टिक र सिसाजन्य फोहरका कारण प्रदुषण बढ्न थालेको, मानिस, घरपालुवा जनावर र वन्यजन्तुको स्वास्थ्यमा असर पर्ने देखिएकाले व्यवस्थापन अभियान चलाएको हो', उनले भने, 'टोल र वडा स्तरमा सिसा र प्लास्टिकजन्य फोहर राख्ने ठाउँ बनाइएको छ ।'
संकलन हुने फोहरलाई एक्यापले गाडीमा ढुवानी गरेर पोखरा पुनः प्रशोधन केन्द्रमा पठाउने व्यवस्था मिलाएको रेग्मीले बताए ।
मुस्ताङको नकुहिने फोहर व्यवस्थापनका लागि पोखराको ग्रिन रोड वेष्ट म्यानेजमेन्ट प्रालिसँग सम्झौता भएको छ । ग्रिन वेष्ट म्यानेजमेन्टले फोहरलाई प्रसोधन गरेर पुनः प्रयोग गर्न मिल्ने र अन्य सामग्री बनाउने गर्छ ।
घरपझोङ गाउँपालिका–४ जोमसोम र वडा नं ३ पुथाङमा सङ्कलन भएको एक सय २९ बोरा (एक हजार नौ सय ८६ किलोग्राम) प्लास्टिक, सिसा र टिनजन्य फोहर यसै हप्ता पोखरा पठाइएको एक्याप जोमसोमले जनाएको छ । यसअघि गत माघ ३ गते घरपझोङको स्याङ र ठिनीबाट ५४ बोरा र २६ कार्टुन (एक हजार दुई सय ३८ दशमलव पाँच) किलोग्राम फोहर पोखरा पठाइएको थियो ।
गत कात्तिक पहिलो हप्ता चार हजार पाँच सय १६ मिटर उचाइमा रहेको थोराङ्ला पासमा प्रहरी र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका जनप्रतिनिधिको सहभागितामा करिब ३० बोरा नकुहिने फोहर सङ्कलन र व्यवस्थापन गरिएको थियो । घर तथा होटलमा हुने र सार्वजनिकस्थलका सिसा, प्लास्टिक र टिनजन्य फोहरलाई संकलन केन्द्रमा राख्ने गरिएको छ । फोहरका कारण दीर्घकालीन हिसाबले वातावरण प्रदूषण हुनुका साथै वन्यजन्तु र घरपालुवा बस्तुले खाएर उनीहरू बिरामी पर्ने समस्या देखिएपछि व्यवस्थापन गर्न थालिएको एक्याप जोमसोमका प्रमुख रेग्मीले बताए । रासस

# लोकतन्त्रको विकल्प छैनः गृहमन्त्री



**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले लोकतन्त्रको विकल्प खोज्नु मुलुकलाई संकटमा धकेल्ने काम भएको बताएका छन् ।
शनिबार काठमाडौंमा आयोजित सुदूरपश्चिम कानुन समाजको प्रथम अधिवेशनमा गृहमन्त्री लेखकले लोकतन्त्रको विकल्प लोकतन्त्र मात्रै हुने बताएका हुन् ।
'अहिलेको संविधानले लोकतन्त्रलाई सुनिश्चित गरेको छ । यसको विकल्प खोज्ने भनेको मुलुकलाई संकटमा धकेल्ने काम हो । त्यसैले सबै ठाउँबाट संविधानमाथि हुने आक्रमणको डटेर सामना गर्नुपर्छ', उनले भने । लोकतन्त्रको रक्षा, संविधानको सुरक्षा र समावेशिताका सुदृढीकरण आजको आवश्यकता भएको गृहमन्त्री लेखकको भनाइ रहेको छ । १० वर्षमा संविधानको अभ्यास गर्दा देखिएका सबल र दुर्बल पक्षको विश्लेषण गरी संविधान संशोधनको तयारी भइरहेको उनको भनाइ रहेको थियो ।
संविधान संशोधन गर्दा संसदीय सर्वोच्चताको कुरा गर्नुपर्नेमा गृहमन्त्री लेखकको जोड रहेको छ । कानुन र नीतिगत सुधार सरकारका प्राथमिकता भएको उनको भनाइ छ । राज्यका सबै अंगमा सुदुरपश्चिमको उचित प्रतिनिधित्व गराउन आफूहरू लागिपरेको दाबी पनि उनले गरेका छन् । रासस

# 'विद्यार्थीलाई देशभक्त र समाजप्रति उत्तरदायी बनाउनुपर्छ'

**भक्तपुर ।**
नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले देशभरका शैक्षिक संस्थाले आफ्ना विद्यार्थीलाई देशभक्त र समाजप्रति उत्तरदायी बनाउनुपर्ने बताएका छन् । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको रजत जयन्ती, ख्वप कलेजको २३ औं, शारदा क्याम्पस मा.वि.को १७ औँ र ख्वप कलेज अफ ल को दोस्रो वार्षिक उत्सव कार्यक्रमको उद्घाटन गर्दै उनले सत्य र सही कुरामा अडान लिने देशभक्त जनशक्ति विद्यालयले तयार पार्नुपर्ने बताएका हुन् ।
उनले सरकारले ख्वप विश्व विद्यालय सञ्चालनका लागि स्वीकृत दिन ढिलाई गर्न नहुने बताउदै भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालय भक्तपुरको मात्र नभई देशकै आवश्यकता भएको बताए ।
अध्यक्ष बिजुक्छेँले भने,'ख्वप विश्वविद्यालय सञ्चालन हुनसके गरिब जनताका छोराछोरीहरुले सस्तोमा गुणस्तरीय मेडिकल शिक्षा प्राप्त गर्न पाउँछन् । ख्वप विश्वविद्यालय सम्बन्धन दिने विषयमा सरकारले ढिलाई गर्नु हुदैन ।' उनले कलेजद्वारा प्रकाशित 'ख्वप जर्नल' पुस्तक सार्वजनिकीकरण गरे ।
कार्यक्रममा नगरपालिकाद्वारा सञ्चालत कलेजहरुका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरु देशकै नमुना शैक्षिक संस्थाहरुको रुपमा विकास भइरहेको भन्दै ख्वप विश्वविद्यालय सञ्चालन गर्न सरकार तयार हुनुपर्ने बताए ।
नगरपालिकाका उपप्रमुख भक्तपुर नगरपालिबाट सञ्चालित कलेजहरुले यहाँका विद्यार्थीहरुलाई इमानदारिता, अनुशासन र सामाजिक उत्तरदायित्व वहन गर्ने विषयबाट पनि प्रशिक्षित गर्दै आएको बताए ।
विश्वविद्यालय अनुदान आयोगका उपनिर्देशक धनकृष्ण प्रजापतिले आयोगले विद्यार्थीहरुलाई छात्रवृत्ति तथा शोध सहयोग, शिक्षक तथा कर्मचारीहरुको सीप, दक्षता अभिवृद्धिका लागि तालिम समेत प्रदान गर्दै आएको बताए ।
वार्षिकोत्सव कार्यक्रममा ख्वप मावि र ख्वप कलेजमा १० वर्ष सेवा अवधि पूरा गर्ने शिक्षक तथा कर्मचारीहरुलाई कदर पत्र, २५ वर्ष सेवा पूरा गरेका शिक्षक कर्मचारीहरुलाई दीर्घ

# प्रधानसेनापति म्याराथनमा नेपाली सेनाका खड्का प्रथम

**काठमाडौँ ।**
यस वर्षको प्रधानसेनापति खुला म्याराथन दौड प्रतियोगितामाअन्तर्गत ४२ किमी दूरीको दौडमा रणशेर गणका हुद्दा खड्गबहादुर खड्का प्रथम भएका छन् । सैनिक मुख्यालय परिसरस्थित खेल मैदानमा शनिबार आयोजित समारोहमा रक्षामन्त्री मानवीर राईले उनलाई तीन लाखसहित ट्रफी र पदक प्रदान गरे ।
कूल तीन सय तीन धावक सहभागी प्रतियोगितामा कुमारी दल गणका प्युठ राजन रोकाय दोस्रो तथा सशस्त्र प्रहरी बल नेपालका गोपीचन्द्र पार्कीले तेस्रो स्थान हासिल गरे । उनीहरुलाई क्रमशः दुई लाख र एक लाख नगदसहित पदक र प्रमाणपत्र प्रदान गरिएको थियो ।
त्यस्तै, २१ किलोमिटर दूरीको हाफ म्याराथन खुला पुरुषतर्फ देवी दल गणका प्युठ मुकेश पाल प्रथम, शेर गण दलका अमलदार गजिन्द्र राई द्वितीय तथा गणेश दल गणका अमलदार नरेन्द्र रावल तृतीय घोषित भए । प्रधानसेनापति अशोकराज सिग्देलले कूल आठ सय ६३ धावक सम्मिलित उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने




धावकलाई क्रमशः ७५ हजार रुपैयाँ, ५० हजार रुपैयाँ र ३५ हजार रुपैयाँ नगदसहित प्रमणपत्र प्रदान गरे ।
महिलातर्फको २१ किमी दूरीको हाफ म्याराथन प्रतियोगितामा सन्तोष श्रेष्ठ पहिलो, भगवती दल गणकी प्युठ पूर्ण लक्ष्मी न्यौपाने दोस्रो तथा गरुढ दल गणकी प्युठ निर्मला केसीले तेस्रो स्थान हासिल गरे । पूर्वप्रधानसेनापति राजेन्द्र क्षत्रीले उनीहरुलाई क्रमशः ७५ हजार रुपैयाँ, ५० हजार रुपैयाँ र ३५ हजार रुपैयाँ नगद र प्रमणपत्र प्रदान गरे ।
दश किलोमिटर दूरीको सैनिक सहचारीतर्फको दौडमा भारतीय दूतावासका प्रेमलाल चौहान प्रथम, सोही दूतावासका विकास कुमार द्वितीय तथा बेलायती दूतावासका सुमन राई तृतीय भए । सेनाका अधिकृततर्फको १० किमी दौडमा उपसेनानी सन्तोष श्रेष्ठ, सहसेनानी सुरेन्द्र बस्नेत र उपसेनानी दीपराज खत्री क्रमशः प्रथम, द्वितीय र तृतीय घोषित भए ।
सेनाका महिला अधिकृततर्फको १० किमी दूरीको दौडमा उपसेनानीत्रय जिना गुरुङ, कुसुम तामाङ र अस्मिता जीसी क्रमशः प्रथम, द्वितीय र तृतीय भए ।
त्यस्तै, सैनिक महाविद्यालय तथा विद्यालय र राष्ट्रिय सेवा दलका कक्षा १० देखि १२ कक्षासम्म अध्ययन छात्रतर्फ चाणक्य माध्यामिक विद्यालयका विश्वराज कुँवर, सैनिक आवासीय महाविद्यालयका अमित थिङ र राष्ट्रिय सेवा दलका छात्र सुजित मगरले क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थान प्राप्त गर्न सफल भए ।
त्यस्तै, पाँच किमी दूरीको कक्षा दशदेखि १२ सम्म अध्ययनरत छात्रातर्फ विजेश्वरी ज्ञान मन्दिरका आयुश्मा आचार्य, निकिता राउत र करुणा खड्का प्रथम, द्वितीय र तृतीय भए ।
पाँच किमी दूरीका दौडमा सोही महाविद्यालय मातहतका कक्षा ७ देखि १२ सम्म अध्ययनरत छात्रतर्फ मौसम रोकाय, बवीन अधिकारी र दिपेश रिमाल क्रमशः पहिलो, दोस्रो र तेस्रो भए । ती सबै विधाका दौड प्रतियोगितामा करिब दुई हजारको सङ्ख्यामा धावकको सहभागी रहेको नेपाली सेना सैनिक शारीरिक तालिम तथा खेलकुद केन्द्रले जनाएको छ ।
सामाजिक एकताको प्रतिका रुपमा रहेको खेलकुद क्षेत्रको विकास तथा नागरिक सैनिक सम्बन्ध प्रगाढ तुल्याउने उद्देश्यले सेना दिवसका अवसरमा विसं २०७२ देखि यो प्रतियोगिता सञ्चालन हुँदै आएको छ । रासस

# झम्सीखेलमा किसान बजार



**ललितपुर ।**
राष्ट्रिय कृषक समूह महासंघ र मेट्रो मार्केटको व्यवस्थापनमा ललितपुरको झम्सीखेलमा किसान बजार सञ्चालनमा आएको छ ।
किसान अधिकारप्रति समर्पित प्रकृतिसम्मत कृषिको प्रवद्र्धन गरौँ कृषि कर्मलाई उद्यममा रूपान्तरण गरौँ भन्ने नाराका साथ कृषकद्वारा अग्र्यानिक कृषि उत्पादनलाई उपभोक्तासम्म पु¥याउने अभिप्रायका साथ शनिबारदेखि किसान बजार सञ्चालनमा आएको हो ।
किसान बजार शुभारम्भका अवसरमा ललितपुर महानगरपालिकाका उपप्रमुख मञ्जुली शाक्य बज्राचार्यले यो स्वच्छ तथा अग्र्यानिक तरकारी र खाद्यान्न बजारीकरण गरी किसानलाई उत्पादनको उचित प्रतिफल दिन उपयुक्त स्थान तयार भएको बताइन् ।
‘किसानको सम्मान नभएसम्म देशको समृद्धि हुन सक्दैन, तसर्थ यो अभियानले शुद्ध खाद्यवस्तुको प्रवद्र्धनका साथै किसानको सम्मानका लागि महत्त्वपूर्ण काम गर्नेछ, पर्यावरण र माटो जोगाउनका लागि अग्र्यानिक उत्पादनलाई प्रोत्साहन गर्न यो अभियान फलदायी छ, यसले उत्पादक र उपभोक्ताबीच समन्वय गराउँदै उत्पादनमा जोड दिन महत्त्वपूर्ण योगदान दिनेछ’, उनले भनिन् ।
उनले आधुनिकता र वर्तमान शिक्षा प्रणालीले बिर्साउँदै गएको खेतीपातीको अभ्यास र संस्कारलाई निरन्तरता दिँदै कृषि पेसामा लाग्न प्रेरित गर्नेमा विश्वास व्यक्त गरिन् । उनले कृषि पेसालाई त्याग्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र दुःख गरेर पनि लाभ पाउन नसकेको किसानलाई यो कामबाट अत्यन्तै प्रभावकारी वातावरण तयार गर्ने धारणा राखिन् ।
राष्ट्रिय कृषक समूह महासंघका राष्ट्रिय निर्देशक केदार कोइरालाले किसानको पेसालाई सम्मानित बनाउन र उत्पादनको पूर्ण मूल्य प्रदान गर्न आवश्यक रहेकोमा जोड दिए । उनले उत्पादनमा आधारित खाद्य सुरक्षा र खाद्य सम्प्रभूताका लागि सहभागितामूलक सुनिश्चितता प्रणालीमार्फत अर्गानिक उत्पादनलाई उपभोक्तासम्म पु¥याउन हर सम्भव प्रयास गर्ने बताए । मेट्रो मार्केट भन्ने बित्तिकै स्वच्छ उत्पादन भन्ने हुनुपर्छ भन्दै उनले यसबाट साँच्चिकै किसानको पहिचान गरी तहगत व्यवस्थापन गरी सामाजिक सुरक्षामा जोड्नसमेत सहयोग हुने बताए ।
किसान बजारको निर्देशक इसानी श्रेष्ठले सहजै पाइने अर्गानिकयुक्त खाद्य सामग्रीको प्रवद्र्धनका साथै स्वास्थ्य तरकारीको बजारीकरण र उपभोक्तासम्म सहज रूपमा पु¥याउन यो अभियान प्रभावकारी हुनेमा विश्वास व्यक्त गरिन् । उनले किसान र उपभोक्ताबीचको दूरीलाई कम गर्दै उत्पादन गरी बजारीकरणमा सहज पहुँच अभिवृद्धिका लागि विषादी नभएको खानालाई प्रेरित गर्न लागिपर्ने जानकारी गराइन् ।
किसान बजारमा हरेक शनिबार मेला लाग्ने उनले जानकारी गराइन् । रासस

# श्री स्टारलाई हराउँदै मच्छिन्द्र क्लब फाइनलमा

**मकवानपुर ।**
बागमती गाउँपालिकामा जारी सातौँ संस्करणको बागमती गोल्ड कप राष्ट्रिय फुटबल प्रतियोगिताको फाइनलमा मच्छिन्द्र क्लब प्रवेश गरेको छ ।
शनिबार मकवानपुरको बागमती फापरबारीस्थित झुरझुरेस्थित सहिद स्मृति रङ्गशालामा भएको दोस्रो सेमिफाइनल खेलमा श्री स्टार क्लबलाई ३–१ गोल अन्तरले हराउँदै मच्छिन्द्र फुटबल क्लब फाइनलमा प्रवेश गरेको हो । खेलको पहिलो हाफको ३७ औँ मिनेटमा श्री स्टारका विदेशी खेलाडी एलेक्स विलियमले पहिलो गोल गरेका हुन् । त्यस्तै, ४२ औँ मिनेटमा मच्छिन्द्र फुटबल क्लबका शिशिर लेखीले गोल गरेपछि खेल बराबरीमा पुगेको थियो ।
मच्छिन्द्रका समीरराज थोकरले दोस्रो हाफको ५१ औँ मिनेटमा गोल गर्दै अग्रता कायम राखेसँगै खेलको ८८ औँ मिनेटमा विदेशी खेलाडी स्टेफनले गोल थप्दै ३–१ अन्तरमा श्री स्टार पराजित गरेका हुन् ।
खेलमा मच्छिन्द्रका कप्तान देवेन्द्र तामाङ ‘म्यान अफ दी म्याच’ घोषित भएका छन् । उनलाई गाउँपालिकाका उपाध्यक्ष फणीन्द्र तिमल्सिनाले नगद १० हजार रुपैयाँ प्रदान गरेका थिए ।
शुक्रबार भएको पहिलो सेमिफाइनल खेलबाट चर्च ब्वाइज युनाइटेड विजयी बन्दै फाइनलमा प्रवेश गरेको थियो । विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफलाई दुईका विरुद्ध तीन गोल अन्तरले हराउँदै चर्च ब्वाइज प्रतियोगिताको फाइनलमा प्रवेश गरेको थियो ।
प्रतियोगितामा फाइनल खेल यही फागुन १२ गते दिउँसो २ बजे चर्च ब्वाइज र मच्छिन्द्र क्लबबीच उपाधिका लागि प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । उपाधि विजेताले १० लाख रुपैयाँ र उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन् । साथै सर्वोत्कृष्ट खेलाडीलाई एक लाख एक हजार रुपैयाँ र साथै उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर र उत्कृष्ट कोचलाई जनही २५ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ । रासस

# अनुदानमा किसानलाई घाँस काट्ने मेसिन



**काठमाडौं ।**
विर्तामोड नगरपालिकाले पशुपालक किसानलाई ९५ लाख रुपैयाँ मूल्य बराबरका ३२५ चाफकटर मेसिन (घाँस काट्ने यन्त्र) वितरण गरेको छ ।
पालिकाले छनोटमा परेका किसानलाई ५० प्रतिशत अनुदानमा चाफकटर मेसिन वितरण गरेको हो । गाई वस्तुलाई खुवाइने घाँस थोरै समयमा धेरै टुक्राउन सकिने मोटर जडान गरिएको विद्युतीय चाफकटर पाएर स्थानीय किसान हर्षित भएका छन् ।
किसानलाई प्रविधिमैत्री बनाउँदै कृषिलाई आधुनिक र व्यावसायिक बनाउने सोचअनुसार साझेदारीमा मेसिनरी सामान दिइएको नगरपालिकाका नगरप्रमुख पवित्रा महतरा प्रसाईंले बताए ।
उनका अनुसार कृषिको विकासलाई नगरपालिकाले बजेटमा उच्च प्राथमिकतामा राख्दै आएको छ ।
निर्वाहमुखी कृषिलाई व्यावसायिक उद्यममा रूपान्तरण गर्दै किसानलाई प्रविधिमैत्री बनाउन आवश्यक रहेको ठानेरै नगरपालिकाले पशुपालक किसानलाई चाफकटर मेसिन, चिलिङ भ्याट, दाना पिसाउने मेसिन, मिल्क क्यान, चल्ला ओथार्ने मेसिन, काउ म्याटलगायत सामग्री हरेक वर्ष वितरण गर्दै आएको विर्तामोडका पशुपन्छी तथा मत्स्य विकास शाखाका प्रमुख डा नगेन्द्र खड्काले बताए ।
उनका अनुसार एउटा चाफकटर मेसिनको मूल्य २९ हजार ५०० रुपैयाँ रहेको छ । किसानले मूल्यको ५० प्रतिशत साझेदारी गरेका छन् । उनले भने, ‘चाफकटर मेसिन २५ वटा भर्खरै वितरण गरेका छौँ । यसअघि ३०० मेसिन वितरण गरेका थियौँ ।’
नगरपालिकाले साझेदारीमा दिएको मेसिनरी सामानको सदुपयोग भइरहेको कृषक लयप्रसाद रिजालले बताए । ‘नगरपालिकाले किसानहरुलाई आधुनिक प्रविधि भित्राउन प्रोत्साहन र अनुदान दिइरहेको छ’, उनी भन्छन्,‘सबै किसान साथीहरुले सहयोगको सदुपयोग गर्नु भएको छ, मेसिनसँगै तालिम र सिप पनि किसानले पाउनुभएको छ ।’
नगरपालिकाले सार्वजनिक सूचना जारी गरेर चाफकटर चाहिएका किसानबाट निवेदन मागेको थियो ।
मागभन्दा धेरै निवेदन पर्ने गरेका कारण स्थलगत अनुगमनपश्चात् अनुदान पाउन योग्य किसानको छनोट हुने गरेको पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख डा. खड्काले बताए । रासस

# प्रमुख क्षेत्रमा चिनियाँ लगानीमाथि ट्रम्पको प्रतिबन्ध

**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एक आदेशपत्रमा हस्ताक्षर गर्दै प्रविधि र महत्त्वपूर्ण पूर्वाधारजस्ता रणनीतिक क्षेत्रमा चिनियाँ लगानीमाथि अंकुश लगाउन आग्रह गरेका छन् ।
विश्वका दुई ठुला अर्थतन्त्रबिच बढ्दो व्यापार तनाव र रणनीतिक प्रतिस्पर्धाका वेला यो कदम चालिएको हो । ह्वाइट हाउसले भनेको छ ‘यसको उद्देश्य विदेशी लगानीलाई बढावा दिनु हो र अमेरिकी राष्ट्रिय सुरक्षा हितलाई ‘विशेष गरी चीनजस्ता मुलुकबाट उत्पन्न खतराहरूबाट’ रक्षा गर्नु हो ।’
ह्वाइट हाउसका अनुसार विशेष



गरी, पत्रमा चीनलाई ‘आफ्नो सैन्य, गुप्तचर र अन्य सुरक्षा उपकरणहरूको विकास र आधुनिकीकरण गर्न संयुक्त राज्य अमेरिकाको पुँजीको बढ्दो दोहन’बारे लक्षित गरिएको हो ।
यसले अमेरिकामा विदेशी लगानीसम्बन्धी समिति (सिएफआइयुएस)लाई प्रविधि, महत्त्वपूर्ण पूर्वाधार,स्वास्थ्य सेवा र ऊर्जाजस्ता प्रमुख अमेरिकी क्षेत्रहरूमा चिनियाँ लगानीलाई प्रतिबन्धित गर्न प्रयोग गर्न आह्वान गरेको छ ।
सिएफआइयुएस संयुक्त राज्य अमेरिकामा विदेशी लगानीको राष्ट्रिय सुरक्षा प्रभावको तौल गर्ने एक समिति हो ।
ह्वाइट हाउसले भनेको छ,‘राष्ट्रपति ट्रम्पले विदेशी शत्रुहरूलाई संयुक्त राज्य अमेरिकाबाट फाइदा लिनबाट रोक्ने आफ्नो वाचा पूरा गरिरहनुभएको छ ।’
ट्रम्पले यस महिनाको सुरुमा चीनबाट आयात हुने सबै उत्पादनमा १० प्रतिशतको अतिरिक्त भन्सार शुल्क लगाएपछि आदेश आएको हो ।
बेइजिङले यो आरोपको विरोध गर्दै यसको खण्डन गरेको छ ।
गत बुधबार, अमेरिकी राष्ट्रपति ट्रम्पले चीनसँग व्यापार सम्झौता ‘सम्भव’ रहेको बताएका थिए । रासस

# ‘धरान रन’को उपाधि केन्याली धावकलाई

**धरान ।**
केन्याली धावकद्वय विल्सन चियुलियोट र शरन जेरोटिसले ‘धरान रन’को उपाधि चुमेका छन् । शनिबार धरानमा सम्पन्न १३ औँ धरान १० किलोमिटर रनमा उनीहरूले उपाधि चुमेका हुन् ।
दश किलोमिटर दौड चियुलियोटले ३० मिनेट ५५ सेकेण्डमा पूरा गरे भने




जेरोटिसलाई उक्त दूरी पूरा गर्न ३८ मिनेट ४२ सेकेण्ड लागेको थियो । धावकद्वयलाई नगद रु ६० हजार पुरस्कार प्रदान गरिएको छ ।
पुरुषतर्फ जुलियस मार्युकीले ३१ मिनेट ८ सेकेण्डमा दौड पूरा गरे भने महिलातर्फ सुमित्रा कुमारी चौधरीले ३९ मिनेट २८ सेकेण्डमा दौड पूरा गरेर दोस्रो स्थान सुनिश्चित गरिन् । उनीहरूलाई पनि समान नगद रु ४० हजार पुरस्कार प्रदान गरिएको छ ।
धावक दुर्गा बुद्धले ३२ मिनेट ४४ सेकेण्ड र दिपा परियारले ३९ मिनेट ५९ सेकेण्डमा दौड पूरा गर्दै तेस्रो स्थान हासिल गरे । उनीहरुलाई नगद ३० हजार रुपैयाँ प्रदान गरिएको थियो । प्रतियोगितामा चार हजार धावक सहभागी थिए । रासस

# संविधान संशोधन दलहरूबीच साझा सहमतिका आधारमा गर्नुपर्छ – सांसद न्यौपाने

**काठमाडौँ।**
विसं २०५० देखि राजनीतिक दलमा आबद्ध भएकी भगवती न्यौपानेले नेकपा (एमाले) निकट अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) बाट राजनीतिक यात्रा शुरू गरेकी हुन् । अखिल नेपाल महिला सङ्घ तनहुँको सचिव हुँदै दुई कार्यकाल अध्यक्ष बनिन् । उनले एमालेको जिल्ला सचिवको जिम्मेवारी पनि निर्वाह गरिन् । राष्ट्रियसभामा एमालेको प्रमुख सचेतकको जिम्मेवारीमा रहेकी न्यौपाने हाल राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको सदस्य हुन्।

राष्ट्रियसभालाई विधि निर्माण गर्ने, नीति र कानुन बनाउने हिसाबले बढी जिम्मेवार र महत्त्वपूर्ण थलोका रूपमा लिइन्छ । यो सभालाई प्रभावकारी तुल्याउन दलगत स्वार्थ त्यागेर देशलाई केन्द्रविन्दुमा राखी हेरिनुपर्छ। हरेक विषयलाई साझा ढङ्गले छलफल र बहस गरेर टुङ्ग्याइनुपर्छ। त्यसो त शून्य र विशेष समयमा सदस्यहरूले आ–आफ्ना ढङ्गले विषयवस्तु उठाउँछौँ तर, कानुन बनाउने कुरामा अहिलेसम्म हामी फरक–फरक ढङ्गले प्रस्तुत हुँदैनौँ । आगामी दिनमा पनि सोही ढङ्गले अगाडि बढ्नुपर्छ । राष्ट्रियसभालाई फरक र जिम्मेवार ढङ्गले लैजानुपर्छ।



**सहमतिमै संविधान संशोधन**

संविधान संशोधनको विषय अहिले बहसमा छ। खासगरी नेकपा (एमाले) र नेपाली कांग्रेसको गठबन्धन सरकार सात बुँदे जगमा बनेको हो । सात बुँदामध्ये संविधान संशोधन एक महत्त्वपूर्ण विषय हो । दुई ठूला राजनीतिक दल बढी जिम्मेवार बन्नुपर्छ भन्ने निष्कर्षसहित गठबन्धन सरकार बनेको मेरो बुझाइ छ। हरेक १० वर्षमा संविधान पुनरावलोकन गर्ने भन्ने पनि छ। संविधान कार्यान्वयनको एक दशकको अवधिमा कहाँ–कहाँ कमजोरी रहे र कुन–कुन विषयलाई सच्याउनुपर्छ भनेर संविधान संशोधनको विषय उठेको हो । संविधान संशोधन दुई ठूला दलले मात्रै गर्ने नभई सबै दलको साझा सहमतिमा हुनुपर्छ । सरकारले सदनमा प्रस्तुत गरेको अध्यादेशबारे गलत ढङ्गले प्रचार भइरहेको छ । संविधानले व्यवस्था गरेबमोजिम अध्यादेश आएको छ। अध्यादेश अहिले मात्र हैन हिजोका सरकारहरूले पनि ल्याएकै हुन्। अहिले अत्यावश्यक अध्यादेश आएका छन् भन्ने मेरो बुझाइ हो । अध्यादेश देशको अर्थतन्त्रलाई सुधार्ने, सुशासन प्रवद्र्धन गर्ने र विकासलाई गति दिने खालका छन् । लामो समयदेखि समस्याको रूपमा रहेको भूमिसम्बन्धी र सहकारी क्षेत्रमा देखिएको समस्यालाई सम्बोधन गर्न समय सान्दर्भिक भएर अध्यादेश ल्याइएको छ । कतिपय विधेयकहरू दुई–चार वर्षदेखि सदनमा विचाराधीन छन् । छिटो कानुन बनाउने अवस्था नभएपछि सरकारले तत्कालको आवश्यकतालाई मध्यनजर गर्दै अध्यादेश ल्याएको हो। अध्यादेशले समेटेका विषयमा कुनै समस्या छन् भने त्यसमा छलफल गरेर परिस्कृत गर्न सकिन्छ। अध्यादेशमा कैफियत नै रहेछ भने पनि प्रतिस्थापन विधेयक ल्याउन सकिन्छ।

राष्ट्रियसभा भनेको विधि निर्माण गर्ने, नीति र कानुन बनाउने हिसाबले बढी जिम्मेवार छ । त्यो जिम्मेवारीमा राम्रोसँग भूमिका खेल्नुपर्छ भनेर लागिपरेको छु। राष्ट्रियसभाले खेल्ने महत्त्वपूर्ण भूमिका भनेको विधेयकमा ध्यान दिने र नीति बनाउने हो। सिकाइ, बुझाइ र खेल्नुपर्ने भूमिकाका हिसाबले राष्ट्रियसभा मेरा लागि विश्वविद्यालय भएको छ । हालको जिम्मेवारीबाट देशमा नीतिगत सुधार के कति गर्न सकिन्छ भन्नेमा केन्द्रित छु। पहिलो जिम्मेवारी कानुन निर्माणमै सक्रिय भइरहेकी छु । राष्ट्रियसभाको औचित्यका बारेमा प्रश्न उठाइएको सुनेको छु, तर संसदीय अभ्यासमा यो सभा अनिवार्य र अपरिहार्य छ । संविधानले परिकल्पना गरेअनुरूप यसको भूमिकालाई अझ प्रभावकारी बनाउन जरूरी छ। प्रतिनिधिसभाको 'चेक एन्ड ब्यालेन्स' का निम्ति पनि राष्ट्रियसभा चाहिन्छ । खासगरी प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित सांसद हुनुहुन्छ । उहाँहरूको ध्यान विकास निर्माणतर्फ बढी केन्द्रित हुने गरेको देखिन्छ । प्रतिनिधिसभाले विधेयकमाथिको छलफलका लागि पर्याप्त समय दिन नसकेको हो की भन्ने लाग्छ । तुलनात्मक रूपमा राष्ट्रियसभाको बढी ध्यान कानुन निर्माणमै हुने गरेको छ। यसो भनिरहँदा प्रतिनिधिसभाले कानुन बनाउन विलम्ब गरेको छ भन्ने होइन । भूमिकाको हिसाबले राष्ट्रियसभाले कानुन निर्माणमा बढी ध्यान दिएको देखिन्छ। संविधान कार्यान्वयन भएको छ की छैन ? कार्यान्वयनका निम्ति बनाउनुपर्ने कानुन बने कि बनेनन्? यी विषयलाई केलाएर राष्ट्रियसभाले सरकारलाई प्रतिवेदन दिएको छ । हामी अलि गहिरो गरी हेर्न भ्याउँछौँ र प्रतिनिधिसभाले केही कमजोरी गरेमा सच्याउन सक्छौँ । राष्ट्रियसभाको औचित्य छ भन्ने मान्यता स्थापित भएको छ। यो मेरो बुझाइ र अनुभूति हो ।

विधेयकहरू कहिलेसम्म सक्ने भन्नेमा प्रतिनिधिसभामा समयसीमा छैन । प्रतिनिधिसभाले केही वर्षअघि दर्ता भएका विधेयक पनि अहिलेसम्म टुङ्गो लगाउन सकेको छैन । दुई वर्षअघि दर्ता भएका विधेयक पनि टुङ्गिएका छैनन्। तर, राष्ट्रियसभाले दर्ता भएको विधेयकलाई छ महिनाभित्रै टुङ्ग्याउनुपर्ने समयसीमा छ। कतिपय विधेयक तीन महिनाभित्रै अध्ययन गरेर पारित गरेका छौँ । प्रतिनिधिसभाले पारित गरेर पठाएको विधेयकलाई पनि राष्ट्रियसभाले तुरून्तै पारित गरेर पठाएको छ। रासस

# बिकट क्षेत्रमा 'फोरजी' सञ्चालनमा आएपछि...

**हुम्ला ।**
वर्षौंदेखि टेलिफोन तथा इन्टरनेटको समस्या झेलिरहेका हुम्लाको अदानचुली गाउँपालिका र मुगुको सोरु गाउँपालिकामा चौथो जेनेरसनको मोबाइल डाटा सेवा 'फोरजी'सेवा सञ्चालनमा आएपछि त्यहाँका नागरीक खुसी भएका छन् । विसं २०७३ पुस १७ गतेदेखि नेपाल टेलिकमले काठमाडौँ र पोखराबाट फोरजी सुरुआत गरेको जनाइएको छ । यस अघि हरेक वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा गएर भिडियो कलदेखि अन्य इन्टरनेट सम्बन्धी काम गरीरहेका त्यहाँका नागरिक आजदेखि घरघरको कुनैमै बसेर भिडियोकल गर्न पाएपछि खुसीको सिमा नै नरहेको हुम्ला अदानचुली गाउँपालिका वडा नम्बर ५ का सिंह बोहराले बताए । दुर्गम गाउँमा फोरजी सञ्चालनमा आएपछि हुम्लाको दक्षिणी क्षेत्र ताँजाकोट, अदानचुली र सर्केगाड गाउँपालिका तथा मुगुको सोरु गाउँपालिकासहित बाजुरा र मुगु आसपासका सबै गाउँमा फोर जी सेवा सञ्चालन भएको नेपाल टेलिकमले जनाएको छ । गाउँमै फोरजी सेवा सहितको इन्टरनेट र टेलिफोन सञ्चालनमा आएपछि स्थानीयले राहत महसुस गर्नुका साथै स्थानीय तहको दैनिक कार्य सम्पादनमा समेत सहज भएको अदानचुली गाउँपालिका अध्यक्ष मोहनविक्रम सिंहले बताए । गाउँपालिकाका उपाध्यक्ष केशरबहादुर शाहीले आजबाट आफ्नो गाउँपालिकाको केन्द्र नजिकै रहेको लामाकाँधमा राखिएको 'फोरजी'को टावर सञ्चालनमा आएको र यसले गाउँपालिका भित्रका कुन कुन बस्तीमा यसले काम गरेको छ जानकारी दिन सबैलाई अनुरोध समेत गरेका छन् । उनका अनुसार फोर जी सेवा विस्तारले गाउँमा विद्युतीय माध्यमबाट शिक्षा, स्वास्थ्य, सामाजिक सेवा र मनोरन्जन तथा सूचना आदान प्रदानको कामसमेत सहज हुने बताए । सोरु गाउँपालिका वडा नम्बर ३ को लामाकाँधमा राखिएको टावरले सोरु गाउँपालिकाका केही बस्तीहरु र हरम्लाको ताँजाकोट, सर्केगाड, र अददानचुली गाउँपालिकाका अधिकांश बस्तीहरुमा शुक्रबार दिउँसोबाट सञ्चालन शुरु गरेको छ भने अदानचुली च्याममा राखिएको टावर भोली(शनिबार) दिउँसो १ बजेबाट सञ्चालनमा आउने टावर निर्माणको जिम्मा पाएका अदानचुली गाउँपालिका वडा नम्बर ५ का दृघ सिंहले जानकारी दिए । च्याममा राखिएको टावर शनिबार सञ्चालनमा आएपछि जिल्लाको तल्लो क्षेत्रका अधिकांश बस्तीहरुमा 'फोरजी' सेवा सञ्चालन हुँने छ भने अदानचुली र सर्केगाड



गाउँपालिकाको बीच भाग अर्थात महतारा चौरमा निर्माणधिन टावर सञ्चालनमा आएपछि तल्लो क्षेत्रका सबै बस्तीमा इन्टरनेट सेवा सुचनारु हुँने नेपाल टेलिकम हुम्ला रिन्जिन लामाले बताए । जिल्ला सदरमुकामबाट निकै दुर्गम गाउँमा फोरजी चल्न थालेपछि अहिले यहाँका स्थानीय निकै खुसी छन्। श्निबारदेखि टावरको निर्माण पूरा भएसँगै यस क्षेत्रका घर घरमा फोरजी चल्न थालेको अदानचुली गाउँपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत हंस महताराले बताए । उनले भने, 'दुई वर्ष देखिको निरन्तर प्रयासका बाबजुत आजबाट सञ्चालनमा ल्याउन सफल भएकोमा निकै खुसी ब्यक्त गर्दै अब कदमकदाचित ओर्डलिंक र एभरेष्टको टावर डाउन भएपनि आफुहरुको काम अबरोध नहुँनेमा ढुक्क छौँ ।' अदानचुली गाउँपालिका वडा नम्बर १ कल्खेका अम्मर रावल भन्छन्, 'यसअघि यहाँका बासिन्दा मोबाइलमा कुरा गर्न पनि कता अग्लो डाँडा छ भनेर खोज्दै हिँड्थे। अहिले भने घरमै बसेर आरामले कुरा गर्न सक्ने भएका छौँ। यसले निकै सुबिस्ता भएको अनुभव भइरहेको छ। अहिले देश तथा विदेशमा रहेका आफन्तसँग भिडियो कल गर्न पाएका छौँ। निकै खुसी लाग्यो ।' गाउँमा फोरजीसम्मको सेवा पु¥याउन गाउँपालिकाले लामो समयदेखि प्रयास गरिरहेको थियो। गाउँबस्तीमा फोरजी चल्न थालेपछि अहिले यहाँका स्थानीयलाई स्थानीय सरकार घरमै पुगेको महसुस भएको पनि रावलले बताए । पालिकाले विगत दुई वर्षदेखि टेलिकमको केन्द्रीय कार्यालय काठमाडौँसँग निरन्तर पत्राचार, प्रत्यक्ष भेटघाट र अनुरोध तथा समन्वयपछि गत वर्षदेखि यस क्षेत्रमा टावर निर्माण शुरु भएको हुम्ला अदानचुली गाउँपालिकाका अध्यक्ष सिंहले बताए । उनले भने, 'मैले निरन्तर दवाब दिएकाले यसले छिटो निकास पाई सञ्चालनमा आएको हो ।'

यस्तै सोरु गाउँपालिकाको लामाकाँधमा राखिएको टावर सञ्चालनमा नआए हुम्लामा सञ्चालनमा नआउने भएपछि सोरु गाउँपालिकाका अध्यक्ष धर्मबहादुर शाहीलाई निकै छिटो सञ्चालनमा ल्याउनै पर्ने बाध्यता थियो सोही अनुसार आफि पनि भागेका ठेकदाहरुलाई ल्याउन र छिटो काम सञ्चालनमा ल्याउने दुई वर्ष लागेको बताए । उनले भने, 'अब हरेक गाउँमा फोरजीसहितको टेलिफोन सेवा सञ्चालन भएसँगै सरकारी तथा गैरसरकारी कार्यालय, स्वास्थ्य र शिक्षा क्षेत्रमा पनि निकै सहज भएको छ। अबदेखि यहाँका विद्यालय डिजिटल शिक्षा, अनलाइन शिक्षा र स्वास्थ्यमा पनि अनलाइन सेवा शुरु गर्न सकिने छ ।' रासस

# मधानी महोत्सव रोक्न खोज्नेहरु खरानी हुन्छन्ः साह

**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले अन्तर्राष्ट्रिय महत्व बोकेको मधानी महोत्सव रोक्न खोज्नेहरु खरानी हुने चेतावनी दिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको सत्ताले धर्ममाथि टक्कर दिन खोजेको आरोप लगाउदै अब ओली सरकार ठक्कर खाने उनले उद्घोष गरे । रौतहटको राजपुर नगरपालिकामा आजपाद्धारा शनिबार आयोजित नगर भेलालाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले देवताको भूमि रहेको मौलापुरको मधानी महोत्सव रोक्न खोज्ने जनस्तरबाटै विद्रोह हुने बताए ।

'मधानी महोत्सव रोक्न खोज्नेहरु खरानी हुनेछन्, यो देवताको भूमि हो । अन्तर्राष्ट्रिय महत्व बोकेको मधानी महोत्सव, अनि नेपाल र भारतका लाखौं भक्तजनको आस्था जोडिएको यो महोत्सव रोकिए जनस्तरबाटै विद्रोह हुन्छ', आजपा अध्यक्ष साहले भने, 'प्रभु साह र यहाँकी मेयरले नेपाल भारत जोडने काम गरेको छ, केपी ओलीलाई किन डाह लागेको हो ?'

प्रधानमन्त्री ओलीबाट नेपालमा हिन्दू धर्म र आस्थामाथि एकपछि अर्को प्रहारको श्रृंखला चलेको आरोप लगाउदै उनले होलीवाईनको पावर नदेखाउन



चुनौति दिएका छन् । 'होलीवाईनको पाईन नदेखाउन म यही माटोबाट ओली एण्ड कम्पनीलाई चूनौति दिन चाहन्छु । प्रभु साहमाथिको प्रतिशोध महँगो सावित हुनेछ, किनकी म सत्य र जनताको पक्षमा छु । म इमानको राजनीति गर्नेसँग बेइमानहरुको तुलना हुँदैन्', साहले भने ।

प्रधानमन्त्री ओली कुल्चिनमा माहिर रहेको बताउदै उनले संविधान, संसद र सडक सबैको साख स्वाहा पारेको आरोप लगाए । कांग्रेसको बुँई चढेर दुई तिहाईको दम्भ नदेखाउन बताउँदै उनले सरकारले नै ल्याएको अध्यादेश पारित हुन नसकेर सरकारको औचित्य समाप्त भएको बताए ।

'केपी ओली पिएम चेयरमा डिस्प्लेमात्रै हुन्, उनलाई प्ले गर्ने रिमोट देउवा दम्पत्तिको हातमा छ । केपी ओली कुल्चिन मात्रै माहिर हो । संविधान, संसद् र सडक सबैको साख स्वाहा पारे । कांग्रेसको बुईँ चढेर दुई तिहाईको दम्भ देखाउँदैछन्, त्यही दुई तिहाईंले ओलीको घमण्ड निल्दैछ । ओलीमा शक्ति उन्मादको अन्तिम कर्कस चल्दैछ, एमाले भित्रभित्रै जल्दैछ' साहले भने ।

नेपालमा ओलीले 'निन्जा टेक्निक' देखाईरहेको बताउँदै उनले यो कुरा बच्चालाई पनि थाहा भईसकेको बताए । ओलीमा घमण्ड र दमनको हावाले भरिएको बेलुन जनताले फुटाएरै छोड्ने आजपा अध्यक्ष साहले बताए । केपी ओलीबाट देशमा विकास र निकास दुवै असम्भव भएको बताउँदै उनले जनकपुरमा उहिल्यैदेखि चलेको रेलबारे फेरि झेली कुरा गरेको आरोप लगाए । खासमा भन्ने हो भने केपी ओली बोकेको कांग्रेस अहिले निल्नु न ओकल्नु पर्ने अवस्थामा आईपुगेको उनको भनाई छ । 'केपी ओली ठगहरुको सरदार र एमाले भ्रष्टहरुको भरोसाकेन्द्र बनेको छ । प्रजाबिनाको तन्त्र भयो, प्रजातन्त्र त चोर नेताको लागि ठगी खाने मन्त्र जस्तै भयो । देश दलतन्त्रको दलदलमा अनि मुलुक महासंकटमा पस्दैगयो । जनताबाटै असुरक्षित सरकारका नाईकेहरुबाट देशको के सुरक्षा होला ?', उनले प्रश्न गरे ।

प्रधानमन्त्री ओलीले भारत भड्काए, चीन चिढ्याए अनि अमेरिकासँग आशंका बढाएको साहले बताए । यस्तै एमालेले सार्वजनिक जग्गा कब्जा गर्ने र राज्यको सम्पत्ति अपचलनमा अगाडि रहेको आरोप उनले लगाए । 'त्रिभुवन विश्वविद्यालयको जग्गा खोजबिन समितिको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दछु, काठमाडौंमा मात्रै एक हजार रोपनी जग्गा हिनामिना भएको छ । नेपाल सम्पत्ति शुद्धिकरणको ग्रे लिष्टमा परेको कुरा बाहिरिएको छ, किन यो अवस्था आयो ? ओली कहिल्यै सुध्रिएनन, यिनले केही नयाँ सिकेनन र पूराना केही बिर्सिएनन्', उनले भने ।

ओलीको ज्यादती सहनेले मधेसको विकास गर्न नसक्ने बताउँदै उनले मधेशवादी दलहरुलाई बेइज्जती सहेर सत्ता र सत्तापक्षमा नबसी बाहिर आउन सुझाव दिए । सरकारलाई समर्थन दिने, सरकारमै बस्ने र सरकारले ल्याएको अध्यादेशको विरोध गर्दै सत्ता गठबन्धनमा किन टासिराख्नुपर्ने भन्दै उनले प्रश्न गरे । 'मधेश दिनदिनै मासियो । चोर नेताको कारण मधेशको विकास पातालमा भासियो । महन्थ ठाकुर, उपेन्द्र यादव, सिके राउतहरु बेइज्जती सहेर सत्ता र सत्ता पक्षमा बस्नुपरेको छ । ओलीको ज्यादती सहनेले के मधेशको विकास गर्छन् ? अध्यादेशको विरोध गर्छन अनि सत्ता गठन्धनमा टाँसिएका छन् । मधेशी जनताको भावनाको कदर गर्ने हो भने म उहाँहरुलाई सरकारबाट तत्काल बाहिरिन सुझाव दिन्छु । ओलीको शासन ठीक छैन भनेर भाषण गर्ने अनि सत्तामै टाँसिएर बस्नु नैतिकवान होईन्', उनले भने ।

# ब्रह्मकुमारीद्वारा प्रवचन एवम् सम्मान




**मधेशदृष्टि**
**वीरगंज ।**
ब्रह्मकुमारी राजयोग सेवा केन्द्र वीरगंजले समाजसेवीहरुलाई सम्मान गरेको छ । केन्द्रको छ्पकैयास्थित सभाहलमा भएको कार्यक्रममा जीवनउपयोगी प्रवचन एवम् प्रशिक्षण समेत दिइएको थियो । ब्रहम कुमारी रबिना दिदीको सभापतित्वमा भएको कार्यक्रममा ब्रह्मकुमारी राजयोग सेवा केन्द्र माउन्ट आबुबाट आएका प्रशिक्षकले प्रशिक्षण दिएका थिए । आफुलाइ कसरी शान्त राख्ने, आफुलाइ कसरी चिन्ने जस्ता जीवन दर्शनका बारे समेत प्रशिक्षक गिरीस बाबु भाईले प्रशिक्षण दिएका थिए ।

कार्यक्रमको मधेश प्रदेशका भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह छेत्रीले उद्घटन गरेका थिए । मन्त्री क्षेत्रीले व्यक्तिले आफ्नो जीवन बारे ठिक समस्यमा सोच्नु पर्ने र आफूले रोजेको क्षेत्रमा काम गर्नु पर्नेमा जोड दिए । उनले राजनीति र समाजसेवामा इज्जत, मानसम्मान र प्रतिष्ठा कमाएपनि सुखशैलको जीवनयापनमा विभिन्न उतारचढाव आउने गरेको बताए । मानिसले सोचे जस्तो राजनीति सहज नभएको उनको भनाई थियो । २१ औं शताब्दीको यो दौडधुप हुने जीवनमा व्यक्तिले आफ्नो समय, व्यवसाय, घर र परिवारलाई व्यवस्थापन गर्न सक्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा उधोगपति गणेश लाठ, मधु राणा लगायतले प्रमात्मा बारे चर्चा गरेका थिए । कार्यक्रमकाबीच केन्द्रले प्रवचनकर्ता तथा समाजसेवीहरुलाई सम्मान पनि गरेको थियो । समाज सेवा, सरसफाई व्यवस्थापन, वृक्षारोपण, ट्राफिक व्यवस्थापन, अतिक्रमण मुक्त क्षेत्र विकास र स्वास्थ्य लगायत अन्य थुप्रै क्षेत्रमा योगदान पुर्याएको भन्दै ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानलगायतलाई सम्मान गरिएको थियो ।

यसअघि केन्द्रको आफ्नै भवनमा रक्तदान कार्यक्रम गरेको थियो । ब्रह्माकुमारीज युवा प्रभाग तथा समाज सेवा प्रभाव वीरगंजले आयोजना गरेको कार्यक्रममा ७ जना महिलासहित ५३ जनाले रक्तदान गरेका छन् । ब्रहमाकुमारी राजयोग सेवा केन्द्र वीरगंजकी प्रमुख रबिना दिदिको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति बृजकिशोर पटेल, वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक निरोज चौलागाई, सामाजिक अभियानता प्रकाश थारु, सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासुदिन ठकुराई, बिके बिरेन्द्र, गोकुल गुबाजु लगायतको उपस्थिति रहेको थियो ।

# चीनले वितरण गरेको साइकल जलाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा चिनियाँ दूतावासको विरोधमा प्रदर्शन भएको छ । वीरगंजमा चिनियाँ सहयोगको नाममा पूरानो र कमसल साइकल वितरण गरिएको भन्दै राष्ट्रिय विद्यार्थी परिषद्ले विद्यालयमा वितरण गरिएको चाइनिज साइकल जलाएको छ । शनिबार वीरगंजको प्रतिमा चौकमा चिनियाँ दूतावासको विरोधमा प्रदर्शन गर्दै बिद्यार्थीहरुले चाइनिज साइकल जलाएका छन् । प्रदर्शनकारीहरूले 'चीनको चलाखी अब चल्दैन, मधेशीलाई अपहेलीत गर्न पाइदैन, मधेशलाई सम्मान चाहिन्छ, 'पुरानो साइकल, नयाँ धोका हो, चीन अब हामीलाई मूर्ख नबनाउ !' जस्ता नाराहरू लगाएका थिए । विद्यार्थी परिषद्का नेताहरूले चीनले सहयोगको रुपमा मधेश र मधेशीलाई अपमानित गर्न पूरानो र कमसल साइकल वितरण गरेको अरोप लगाए । विरोध प्ररदर्शनमा आएका एक विद्यार्थी नेताले भने, 'हामीलाई झूटो, पूरानो दान होइन, सफा नियत चाहिन्छ, मधेशमा चीनको औपनिवेशीकरण चल्दैन ।'

आक्रोशित विद्यार्थीहरुले वीरगंजको नरसिम्ह माध्यमिक विद्यालयमा चिनियाँ कन्सुलरले एक महिना पहिला वितरण गरेका कमसल चाइनिज साइकलमध्ये केही प्रदर्शन स्थलमै जलाएका थिए । सन् २०२२मै नेपालमा साइकल बितरण गर्ने चिनको योजना रहेको थियो । जसले गर्दा साइकल पुरानै समयमा आयात भएको कारण साइकलहरुमा खिया परेको विद्यालयका एक शिक्षकले बताए ।

वीरगंज महानगरपालिकाको समन्वयमा वडा नम्बर १५ स्थित श्री नरसिंह माध्यमिक विद्यालयमा एक कार्यक्रम गरि चाइना फाउन्डेशन फर रुरल डेभलपमेन्टको नेपाल कार्यालयले त्यस विद्यालयमा अध्यनरत छात्राहरुलाई साइकल बितरण गरेको थियो । विद्यालयमा आयोजित साइकल वितरण कार्यक्रममा चाइनिज दूतावासका कन्सुर वांग सिनको विशेष उपस्थितिमा दुई सय साइकलवितरण गरिएको थियो ।

# कुम्भमेलाबाट फर्किएका चार नेपालीको दुर्घटनामा मृत्यु, छ जना घाइते



मधेशदृष्टि
सप्तरी ।
भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा जारी कुम्भमेलाबाट घर फर्किएका यहाँका चार जनाको सवारी दुर्घटना मृत्यु भएको छ भने अन्य

छ जना घाइते भएका छन् । उत्तर प्रदेशका गोरखपुर लिङ्क रोडमा गए राति भएको दुर्घटनामा कञ्चनरूप नगरपालिका– ७ का ६५ वर्षीय परशुराम चौधरी, ६४ वर्षीया लिलावती चौधरी, वडा नम्बर– ५ की ५५ वर्षीया हरिहर वती यादव र उनकी भाउजू सुनसरीको कुशहा गाउँपालिका–१ की समतोलियादेवी यादवको मृत्यु भएको कञ्चनरुप नगरपालिका– ७ का वडाध्यक्ष समानन्द चौधरीले बताए । सोही गाडीमा सवार लिलावतीका श्रीमान् कञ्चनरुप नगरपालिका १ स्थित लक्ष्मीनारायण माधयमिक विद्यालय वैरवाका शिक्षक उपेन्द्र नारायण चौधरी, वडा नम्बर ७ कै लालुदेबी यादव, वडा नम्बर ५ का जीतु यादव, मुकेश यादव, उदयपुर निवासी उपेन्द्रका बहिनीज्वाई र चालकसहित ६ जना घाइते भएका छन् । उनीहरुको गोरखपुर अस्पतालमा उपचार भइरहेको छ ।

तीन जना मृतकका छोरा शव लिन तीन वटा एम्बुलेन्स लिएर गोरखपुरतर्फ शनिबार प्रस्थान गरेको वडा अध्यक्ष चौधरीले जानकारी दिए ।

# पार्टीको महाधिवेशन विधान र संविधानको प्रावधानअनुसार हुन्छः सिंह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले पार्टीको महाधिवेशन पार्टी विधान र नेपालको संविधानमा भएको प्रावधानअनुसार हुने बताएका छन् ।



नेपाली कांग्रेस धनुषाले शनिबार पार्टी कार्यालयमा आयोजना गरेको कार्यक्रममा उनले पार्टीभित्र सबैलाई समेटेर विधानअनुसार नै महाधिवेशन हुने स्पष्ट पारे । 'विधि र नियमअनुसार परिस्थिति हेरेर पार्टीको महाधिवेशन हुन्छ । सबैलाई मिलाएर महाधिवेशन हुनेमा सबै विश्वस्त छौँ', नेता सिंहले भने । उनले आन्तरिक व्यवस्थापन हुन नसक्दा कांग्रेस बलियो भएर पनि कमजोरजस्तो देखिएको जिकिर गरे । उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री समेत रहेका सिंहले कांग्रेसकै नेतृत्वमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी संविधान जारी भएको भन्दै यसलाई सुदृढ र संस्थागत गर्नुपर्नेमा जोड दिए । आमनागरिकलाई अधिकारसम्पन्न बनाउने जनचाहनाअनुसार नै राजनीतिक स्थिरताको जगमा विकास र समृद्धिका लागि सरकारले काम गरिरहेको उनको भनाइ थियो । कार्यक्रममा प्रतिनिधिसभा सदस्य रामकृष्ण यादव, कांग्रेस सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्मा, कांग्रेस केन्द्रीय सदस्य नैनसिंह महर, आनन्दप्रसाद ढुङ्गाना र गुरु बराललगायतको सहभागिता रहेको थियो ।

# मधेशको कप्तानमा साह र महतो





**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश क्रिकेट संघले पुरुष टिमको कप्तानमा अनिल साह र महिला टिमको कप्तानमा पूजा महतोलाई नियुक्त गरेको छ ।

शनिबार बसेको संघको बैठकले पुरुष टिमका कप्तान रहेका हरिशंकर साहलाई हटाएर अनिल साहलाई कप्तानको जिम्मेवारी दिएको हो ।

फ्रेन्चाइज टिम जनकपुर बोल्ट्सका कप्तान समेत रहेका राष्ट्रिय टोलीका सदस्य साह यसअघि मधेश टिममा खेलाडीको रुपमा मात्र खेल्ने गरेका थिए ।

संघको बैठकले हरिशंकरले विगतमा दिएका योगदानको मूल्यांकन गर्दै कप्तानको पदबाट विश्राम दिएको जनाएको छ । यस्तै, अन्डर १९ महिला टिमकी कप्तान रहेकी पूजालाई प्रदेश टिमको जिम्मेवारी दिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन